# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १३८ | काठमाडौं | शुक्रबार, २२ भदौ २०८० | Prabhab National Daily | Friday, September 8, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# सहमहामन्त्री यादवमाथिको आक्रमणप्रति निन्दा

■ प्रभाव संवाददाता



म गृहमन्त्रीलाई सोध्न चाहन्छु, के अब हामी काठमाडौंमा एक्लै हिँड्न नपाउने हो ?

**गगन थापा**
महामन्त्री, कांग्रेस



खुकुरी प्रहार गरेर कांग्रेस सकिँदैन । खुकुरी प्रहार गरेर कांग्रेस सिध्याउँछु भन्नु र टाउकोले हिर्काएर पर्वत खसाल्छु भन्नु एउटै हो ।

**रमेश लेखक**
प्रमुख सचेतक, कांग्रेस

**काठमाडौं–** नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि भएको आक्रमणको दलका सांसदहरूले निन्दा गरेका छन् । बिहीबारको सदनमा सत्तारुढ दल तथा प्रतिपक्षी दलका सांसदहरूले उक्त घटनाको निन्दा गरेका हुन् ।

कांग्रेस महामन्त्री गगन थापाले पार्टीका सहमहामन्त्री यादवमाथि भएको सांघातिक आक्रमणको छानबिन माग गरेका छन् । यादवमाथि बुधबार रिपोर्टर्स् क्लबमा कार्यक्रममा सहभागी भएर निस्कने क्रममा आक्रमण भएको थियो । आक्रमणमा परी घाइते यादव राष्ट्रिय ट्रमा सेन्टरमा उपचाररत छन् ।

'मैले हिजो चिकित्सकलाई गएर भेटेँ, चिकित्सकका अनुसार उहाँ भाग्यले बाँच्नुभएको छ, आक्रमण गर्ने मान्छे पक्राउ परेको छ, तर एउटा सन्काहाले सन्केर हान्यो भनेर एउटा भाष्य निर्माण गर्न खोजिँदै छ, यसलाई थामथुम पार्ने कोसिस हुँदै छ,' थापाले भने । सांसद थापाले यस घटनाबारे सरकारलाई सचेत गराउँदै घटना कसरी र किन भयो ? घटनाको सबै पक्षका बारेमा गहिरो अनुन्धान हुनुपर्ने माग गरे ।

'म गृहमन्त्रीलाई सोध्न चाहन्छु, के अब हामी काठमाडौंमा एक्लै हिँड्न नपाउने हो, कोही जलाइदिन्छु भन्छ, कोही खुकुरी हान्छ, हामी एक्लै हिँड्न हुने हो कि नहुने हो, जिम्मा लिएकाले धेरै बोल्ने होइन, गर्ने हो, हामी सरकारको कामको परिणाम हेर्न चाहन्छौं,' उनले भने । सांसद धवलशमशेर जबराले कांग्रेस सहमहामन्त्री यादवमाथि आक्रमण गर्ने व्यक्तिमाथि कारबाहीका लागि सरकारसँग माग गरे । धवल यादवसँगै कार्यक्रममा सहभागी भएर फर्केका थिए ।

कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले कांग्रेस सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार गर्दैमा कांग्रेस नसकिने बताए । बिहीबार प्रतिनिधिसभा बैठकको विशेष समयमा प्रमुख सचेतक लेखकले सहमहामन्त्री यादवमाथि खुकुरी प्रहार गरेर कांग्रेस सकिने कसैलाई लागेको भए त्यो भ्रम हुने बताए । 'खुकुरी प्रहार गरेर कांग्रेस सकिँदैन । कांग्रेस लोकतन्त्रको पक्षमा अविचलित ढंगले उभिएको पर्वत हो । खुकुरी प्रहार गरेर कांग्रेस सिध्याउँछु भन्नु र टाउकोले हिर्काएर पर्वत खसाल्छु भन्नु एउटै हो,' उनले भने ।

राणा, राजा, पञ्चायतले टाउको जुधाउँदा पनि कांग्रेस अविचलित भएर उभिएको उनले बताए । कांग्रेस, एमाले, माओवादीजस्ता पुराना दलहरू खराब छन्, उनीहरूले निकास दिन सक्दैनन् भन्ने कृत्रिम भाष्य बनाइएको उनले बताए ।

बैठकमा कांग्रेसका रामहरि खतिवडाले राजावादीका नाममा नेपाली कांग्रेसका सहमहामन्त्री यादवमाथि आक्रमण भएको र यस्ता घटनाको विरोधमा सम्पूर्ण गणतन्त्रवादी एकताबद्ध हुनुपर्ने बताए । सोही पार्टीका मुक्ताकुमारी यादवले दिनदहाडै काठमाडौंको केन्द्रबिन्दुमा धारिलो हतियार प्रहार हुनु सुरक्षा व्यवस्थामाथि प्रश्न उठेको बताइन् ।

माओवादी केन्द्रका सचिव एवं सांसद देवेन्द्र पौडेलले कांग्रेसका यादवमाथि भएको आक्रमणप्रति भर्त्सना गरे । बैठकको विशेष समयमा पौडेलले भने, 'आक्रमण गर्ने व्यक्ति कुनै दल विशेषको होइन भन्ने आएको छ, तर पनि उहाँले त्यहाँ व्यक्त गरेका विचार र नारा सुन्दा अहिलेको यो प्रणाली, संविधान, कतिपय राज्यका स्थापित मान्यतालाई सीधै अस्वीकार गरेर प्रतिकारस्वरूप आक्रमण गरेको कुरा प्रस्ट छ ।'

उनले वर्तमान व्यवस्था ल्याउनका लागि लामो संघर्ष गरिएको भन्दै प्रणाली बचाउनका लागि पनि संघर्ष गर्ने प्रतिबद्धता व्यक्त गरे । अराजक प्रवृत्तिलाई राज्यको कानुनी कठघरामा ल्याएर कारबाही गर्नका लागि उनले जोडदार माग गरे ।

(बाँकी पृष्ठ २ मा)

## सर्वोच्चको व्याख्या

# सभाध्यक्ष पनि सभामुखसरह

- बैठकको अध्यक्ष मन्सुरीले दिएको विश्वासको मत असंवैधानिक
- ४८ घण्टाभित्र मुख्यमन्त्रीमा हिक्मत कार्कीलाई नियुक्त गर्न परमादेश
- अध्यक्षले विश्वास पक्ष वा विपक्षमा मत दिन नहुने नजिर स्थापित
- मुख्यमन्त्री उद्धव थापा दुवैपटक अदालतको आदेशबाट पदमुक्त




■ जेबी योञ्जन

**काठमाडौं–** सर्वोच्च अदालतले संसद्को अध्यक्षता गर्नेलाई पनि सभामुख र उपसभामुखसरह हुने व्याख्या गरेको छ । सर्वोच्चको व्याख्याले कोशी प्रदेशमा नेपाली कांग्रेस नेतृत्वको गठबन्धन सरकार ढलेको छ ।

असार २१ मा पहिलोपटक मुख्यमन्त्री बनेका उद्धव थापा दोस्रोपटक अदालतको आदेशबाट पदमुक्त भएका छन् । बैठकको अध्यक्षता गर्दैगर्दा विश्वासको मत दिने इस्राइल मन्सुरीको मतदान असंवैधानिक ठहर गरेसँगै थापा पदमुक्त भएका हुन् । मन्सुरीले ४ भदौमा बैठकको अध्यक्ष भए पनि मुख्यमन्त्री थापालाई विश्वासको मत दिएका थिए ।

सर्वोच्चले बिहीबार बैठकको अध्यक्षता गर्नेले विश्वासको मत दिन नमिल्ने जिकिर गरेको छ । 'धारा १६८ मा प्रदेशसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट निर्णय हुनुपर्ने प्रावधान देखिँदा धारा १८६ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुनेछैन,' आदेशमा उल्लेख छ ।

यसकै आधारमा मुख्यमन्त्री थापाले संसद्बाट विश्वासको मत पाएको नदेखिएको पनि सर्वोच्चले औंल्याएको छ । जसकारण उनी पदमुक्त भएका छन् । यससँगै नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी सम्मिलित गठबन्धनको कोशी सरकार ढलेको छ ।

सर्वोच्चका प्रवक्ता विमल पौडेलले आदेशको संक्षिप्त पाठ सुनाउँदै बिहीबार सञ्चारकर्मीसँग भने, 'आदेश प्राप्त भएको मितिले ४८ घण्टाभित्र नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिमको प्रक्रियाबाट (बाँकी पृष्ठ २ मा)

### कोशी प्रदेशको घटनाक्रम

| | |
|---|---|
| **पुस २४:** | एमालेका ४०, माओवादीका १३, राप्रपाका ६ र जसपाका एक सांसदको समर्थनमा हिक्मत कार्की मुख्यमन्त्रीमा नियुक्त |
| **फागुन १७:** | प्रदेशको नाम कोशी नामाकरण गर्ने प्रस्ताव प्रदेशसभाबाट पारित |
| **जेठ १७:** | जसपा सरकारबाट फिर्ता |
| **जेठ २३:** | माओवादी सरकारबाट फिर्ता |
| **असार १५:** | विश्वासको मत नपाउँदा मुख्यमन्त्री हिक्मत कार्कीको पद गुम्यो |
| **असार २२:** | सभामुखसमेतको समर्थनमा नेपाली कांग्रेसका उद्धव थापा मुख्यमन्त्री नियुक्त |
| **असार २२:** | थापाको नियुक्तिविरूद्ध सर्वोच्च अदालतमा एमालेको रिट |
| **असार २७:** | दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न सर्वोच्चको आदेश |
| **साउन ८:** | कोशी सरकारको मुद्दा पूर्ण इजलासमा पठाउने आदेश |
| **साउन ११:** | उद्धव थापाको मुख्यमन्त्री नियुक्ति बदर । सात दिनभित्र नयाँ सरकार गठन गर्न आदेश |
| **साउन १२:** | प्रदेश प्रमुख परशुराम खापुङद्वारा मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान |
| **साउन १६:** | सभामुख बाबुराम गौतमको राजीनामा |
| **साउन १६:** | उद्धव थापा ४७ सांसदको समर्थनमा दोस्रोपटक मुख्यमन्त्रीमा नियुक्त |
| **भदौ ४:** | सभाध्यक्षले मत दिँदा मुख्यमन्त्री थापालाई विश्वासको मत प्राप्त |
| **भदौ ६:** | सर्वोच्चमा थापाविरूद्ध एमालेको रिट |
| **भदौ ७:** | थापा नेतृत्वको सरकारलाई दीर्घकालीन असर पुऱ्याउने निर्णय नगर्न अन्तरिम आदेश । १५ गते पूर्ण सुनुवाइका लागि मिति तोकियो |
| **भदौ १५:** | हेर्न नभ्याइने सूचीमा पूर्ण सुनुवाइ |
| **भदौ १७:** | रिट पूर्णइजलासमा पठाउने निर्णय |
| **भदौ २१:** | सभाध्यक्षले दिएको विश्वासको मत अवैधानिक ठहरसँगै मुख्यमन्त्री थापा पदच्युत, हिक्मत कार्कीलाई मुख्यमन्त्री बनाउन परमादेश |

## सन्दर्भ : वैदेशिक रोजगार

श्रममन्त्री भण्डारीले भने–

# तत्काल वैदेशिक रोजगारीको विकल्प छैन

■ प्रभाव संवाददाता



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारी बाध्यात्मक अवस्था भएकाले तत्काल यसको विकल्प नभएको बताएका छन् । बिहीबार प्रतिनिधिसभाको बैठकमा आफूले सम्हालेको मन्त्रालयसम्बन्धी जवाफ दिने क्रममा उनले नेपाली नागरिक वैदेशिक रोजगारीमा जानु कुनै रहर नभई बाध्यात्मक अवस्था भएकाले यसको विकल्प नभएको बताएका हुन् ।

कमजोर आर्थिक प्रणालीका कारण मुलुकमा रोजगारीको प्रवर्द्धन हुन नसक्दा नेपालीहरू वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले उनीहरूलाई सम्मानित र मर्यादित ढंगले गन्तव्य मुलुकमा पठाइरहेको जानकारी दिए । 'नचाहँदा नचाहँदै पनि नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाउनु परेको छ, यो एकदमै पीडादायक अवस्था हो,' मन्त्री भण्डारीले भने, 'मुलुकको जुन आर्थिक स्थिति छ, त्यसबाट तत्काल कुनै चमत्कार हुने अवस्था पनि छैन, बाध्यात्मक भए पनि अहिलेको विकल्प भनेकै वैदेशिक रोजगार नै हो ।'

उनले नेपाली नगारिकलाई वैदेशिक रोजगारमा सुरक्षित, मर्यादित र व्यवस्थित हिसाबले पुऱ्याउन र विभिन्न बहानामा हुनसक्ने ठगी नियन्त्रणका लागि वैदेशिक रोजगार विभागमार्फत आवश्यक अनुगमन तथा कडाइ गरिरहेको बताए । त्यस्तै वैदेशिक रोजगारीमा रहेकाहरूलाई स्वदेशमै फर्काएर रोजगारीको अवसर दिलाउने गरी सरकारले आप्रवासनसम्बन्धी राष्ट्रिय नीति ल्याउने गरी आवश्यक काम गरिरहेको मन्त्री भण्डारीले बताए । त्यस्तै गत आर्थिक वर्षबाट वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूलाई उद्यमशीलता प्रवर्द्धन तथा सामाजिक पुनःस्थापनाका लागि पुनः एकीकरण कार्यक्रम सञ्चालनमा ल्याइएको उनले अवगत गराए ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले पाउनुपर्ने सेवा सुविधालगायतका विषयमा सरकार गम्भीर रहेको पनि उनले बताए । उनका अनुसार विश्वका विभिन्न १४४ देशमा नेपालीहरू रोजगारीका लागि गएका छन् । मुलुकभर ९३५ वटा म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा नेपालीलाई पठाउने कार्यको इजाजत लिएका छन् ।

तत्कालका लागि वैदेशिक रोजगारको विकल्प नभए पनि स्वदेशमै रोजगार वृद्धि र सीप विकास तालिमका लागि सरकार प्रयत्नशील रहेको मन्त्री भण्डारीले जानकारी दिए । स्थानीय तहबाट सूचीकृत बेरोजगारलाई प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी दिइएको उनले बताए । मुलुकमा आर्थिक गतिविधि सहज हुने स्थितिमा स्वदेशमै रोजगारी वृद्धि हुने उनको भनाइ छ ।

# 'मौसमी कामदारसम्बन्धी कुनै सम्झौता नभएको छैन'

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मौसमी कामदार पठाउने सम्बन्धमा नेपाल सरकार र कोरियाली सरकारबीचमा कुनै पनि सम्झौता नभएको प्रस्ट पारेको छ । मन्त्रालयले भदौ २० गते चलानी नम्बर ५०५ लेखी प्रवक्ता/सहसचिवको हस्ताक्षरसहित मौसमी कामदार सम्बन्धमा जारी भएको नक्कली प्रेस विज्ञप्तिप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । अहिलेसम्म दुई देशबीच उक्त सम्झौता नभएको मन्त्रालयले प्रस्ट पारेको हो ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बिहीबार एक विज्ञप्ति जारी गर्दै मौसमी कामदार पठाउनेसम्बन्धी व्यवस्था मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम हुने भन्दै सामाजिक सञ्जालहरूमा प्रसारित नक्कली प्रेस विज्ञप्तिमा विश्वास गरी अनावश्यक रूपमा भ्रममा नपर्न सम्बन्धित सबैमा आग्रह गरेका छन् । विज्ञप्तिमार्फत मन्त्रालयले आधिकारिक निकायको अनुमतिविना सामाजिक सञ्जालमा वैदेशिक रोजगारसम्बन्धी प्रचारप्रसार गरी सर्वसाधारणमा भ्रम सिर्जना नगर्नसमेत सचेत गराएको छ । प्रचलित कानुनविपरीत भएका वा हुने गतिविधिहरूलाई नियन्त्रण गर्न मन्त्रालय सदैव क्रियाशील रहेको प्रस्ट पारेको छ । प्रवक्ताको हस्ताक्षरसहितको लेटरप्याडको दुरूपयोग गरी दुष्प्रचार गरी भ्रम सिर्जना गर्नेलाई अनुसन्धान तथा कारबाही प्रक्रियामा लगिएकोसमेत मन्त्रालयले जनाएको छ ।

त्यसैगरी जर्मनीमा आकर्षक रोजगारी दिने भन्दै सामाजिक सञ्जालमा गरिएको प्रचारहरू गलत भएको जनाउँदै वैदेशिक रोजगार विभागले पनि एक विज्ञप्ति जारी गरेको छ । विभागले केही अनधिकृत व्यक्ति तथा संस्थाले नेपाल सरकार र जर्मनी सरकारबीच भएको श्रम सम्झौताको हवाला दिई जर्मनीमा नेपाली सहायक कामदार छनोटका लागि आवेदन आह्वानसम्बन्धी सामाजिक सञ्जालमा प्रसारण गरिएको विज्ञापन/सूचना भ्रमपूर्ण रहेको उल्लेख गरेको छ ।

विभिन्न सेवा सुविधासहित आकर्षक तलबसम्बन्धी विषयहरू समावेश गरी प्रसारण गरेको भ्रमपूर्ण विज्ञापन/सूचनाप्रति विभागको गम्भीर ध्यानाकर्षण भएको भन्दै त्यस्ता विज्ञापन तथा सूचनामा विश्वास नगर्न विभागले सबैमा आग्रह गरेको छ । कानुनको बर्खीलाप हुने गरी सामाजिक सञ्जालमा सूचना सम्प्रेषण नगर्नसमेत विभागले चेतावनी दिएको छ ।


## जनहितमा जारी सन्देश

### आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं



**काठे स्वयम्भू** | काठमाडौं महागरपालिका–२५ श्रीघः मा अवस्थित ऐतिहासिक काठे स्वयम्भू । सन् १६५० मा निर्माण गरिएको यो चैत्य तिब्बती तीर्थस्थलमध्ये एक मानिन्छ । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# मनसुनी वर्षा कहिलेसम्म ?

**काठमाडौं–** आगामी तीन दिनसम्म देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाकी मौसमविद् बिनु महर्जनका अनुसार मनसुनी वर्षा जारी रहेको र आगामी तीन दिन हल्कादेखि मध्यम वर्षा हुनेछ । हाल नेपालमा मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणतिर अवस्थित रहेकाले मौसममा बदली हुनुका साथै वर्षा भइरहेको उनले जानकारी दिइन् । बहीबार काठमाडौं उपत्यकासहित देशका कतिपय स्थानमा वर्षा भएको छ । बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको मौसमविद् महर्जनले जानकारी दिइन् ।

उनका अनुसार आज शुक्रबार पनि देशभर आंशिकदेखि सामान्य बदली रही बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । नेपालमा यस वर्ष गत जेठ ३१ गते (जुन १४ तारिख, सन् २०२३) बाट मनसुन प्रवेश गरेको थियो । आगामी असोज १५ गते (अक्टोबर २ तारिख) सम्म मनसुन जारी रहने महाशाखाले जनाएको छ । नेपालमा औषतः जुन १३ देखि मनसुन प्रवेश गर्ने भएपनि यस वर्ष एक दिन ढिलो गरी अर्थात् जुन १४ देखि पूर्वी भेग भएर मनसुन प्रवेश गरेको थियो । *रासस*

# लम्पी स्किनबाट ५२ हजारभन्दा बढी पशुको मृत्यु

**काठमाडौं (प्रस)–** कृषि तथा पशुपक्षीमन्त्री डा. बेदुराम भुसालले लम्पी स्किन रोगको संक्रमणबाट अहिलेसम्म १५ लाख १९ हजार ७७९ पशु संक्रमित भएको जानकारी दिएका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले सोधेको प्रश्नको जवाफ दिँदै मन्त्री भुसालले सरकारले उपचारमा सक्दो प्रयास गरिरहेकोसमेत दाबी गरे । हालसम्म उपचारपश्चात् १३ लाख ८३ हजार ५९५ पशु निको भएको र अहिले बिरामी अवस्थामा ७३ हजार ६३६ पशु रहेको मन्त्री भुसालले बताए ।

रोगको संक्रमणबाट हालसम्म ५२ हजार ५४८ पशुको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

मन्त्री भुसालले कृषि क्षेत्रको विकासका लागि यान्त्रिकीकरण गर्ने सरकारको नीति भएको बताएका छन् । यो नीति प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत ७७ वटै जिल्लामा सञ्चालित भएको उनको भनाइ छ ।

# वडाध्यक्ष रिजालको निधन



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिका–१६ का वडाध्यक्ष मुकुन्द रिजालको निधन भएको छ । निमोनिया देखिएपछि धापासीस्थित ग्राण्डी अस्पतालमा भर्ना भएका रिजालको उपचारका क्रममा बिहीबार बिहान निधन भएको हो । 'भदौ १७ गते दिउँसो १ बजे दुवै फोक्सोमा सिभियर निमोनिया भई सघन उपचार कक्षमा भर्ना हुनुभएको उहाँको उपचारको क्रममा आज मिति २०८० भदौ २१ गते बिहान ७:३० बजे निधन भएको हो,' अस्पतालका मेडिकल डाइरेक्टर डा. विनोद विजुक्छेले भने ।

वडाध्यक्ष रिजालको बिहीबारै अन्त्येष्टि गरिएको छ । कांग्रेस काठमाडौं क्षेत्र नं ७ का क्षेत्रीय सभापतिसमेत रहेका वडाध्यक्ष रिजालको शव श्रद्धाञ्जलीका लागि काठमाडौं महानगरको तर्फबाट राष्ट्रिय सभागृह र पार्टीको तर्फबाट पशुपतिमा राखिएको थियो ।

राष्ट्रियसभा गृहमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले नेपालको राष्ट्रिय झण्डा ओढाएका थिए भने पशुपतिमा कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कांग्रेसको झण्डा ओढाएका थिए ।

वडाध्यक्ष रिजालको पार्थिव शरीरमा उनका छोरा सन्देश र सार्थक रिजालले दागबत्ती दिए । रिजालको अन्तिम संस्कारमा पार्टीका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्रीहरू डा शशांक कोइराला र प्रकाशमान सिंह, नेताहरू शंकर भण्डारी, नैनसिंह महर, उर्मिला थपलिया, बागमती प्रदेशका मन्त्री बहादुरसिंह लामालगायत केन्द्रीय र प्रदेशका नेता तथा मन्त्रीको सहभागिता थियो ।

वि.सं. २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिका वडा नं १६ बाट वडाध्यक्षका रूपमा निर्वाचित भएका ५३ वर्षीय रिजालका बुबा, आमा, श्रीमती र दुई छोरा छन् । यसअघि २०७४ को निर्वाचनमा पनि उनी वडाध्यक्ष निर्वाचित भई कार्यकाल पूरा गरेका थिए ।

### आज शोक विदा

काठमाडौं महानगरपालिकाले आज शुक्रबार शोक बिदा दिएको छ । महानगरपालिकाका शिक्षा अधिकारी सीताराम कोइरालाले वडाध्यक्ष रिजालको निधनमा महानगरपालिका र अन्तर्गतका कार्यालयमा शोक बिदा दिने निर्णय भएको जानकारी दिए । महानगरपालिकाले शिक्षण संस्था भने बिदा नहुने जनाएको छ ।

## सभाध्यक्ष...

पृष्ठ १ बाट जारी

मन्त्रिपरिषद् गठन गर्नू/गराउनू भनी प्रत्यर्थी कोशी प्रदेश प्रमुखसमेतका नाउँमा परमादेशसमेत जारी गरिएको ।'

पूर्वमुख्यमन्त्री कार्की प्रदेशसभामा सबैभन्दा बढी सदस्य भएको एमाले संसदीय दलका नेता हुन् । उनलाई अब प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ को उपधारा (३) अनुसार मुख्यमन्त्री नियुक्त गर्नुपर्ने भएको छ । कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्न आदेश जारी भएको अवस्था रहँदा मुख्यमन्त्री थापाले भने संसद्बाट विश्वासको मत नै नपाएको सर्वोच्चको फैसला छ ।

'प्रत्यर्थीमध्येका माननीय उद्धव थापाले नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न सकेको नदेखिँदा निज स्वतः मुख्यमन्त्री पदबाट पदमुक्त हुने भएकाले सो सम्बन्धमा थप बोलिरहन परेन,' आदेशमा उल्लेख छ ।

न्यायाधीशत्रय सपना मल्ल प्रधान, कुमार चुडाल र नहकुल सुवेदीको पूर्णइजलासले यस्तो आदेश दिएको हो । आदेशसँगै कोशीमा संविधानको धारा १६८ को (२) अनुसार दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा सरकार गठन गर्ने आधार पनि समाप्त भएको छ । अब, कार्कीको नेतृत्वमा सोही धाराको उपधारा (३) अनुसार सरकार गठन हुने र उनले (४) अनुसार विश्वासको मत लिनुपर्ने हुन्छ । यदि, उनले विश्वासको मत नपाए उपधारा (५) अनुसार सरकार गठन गर्ने प्रावधान छ । यसअनुसार गठित सरकारका मुख्यमन्त्रीले पनि विश्वासको मत नपाएको अवस्थामा भने उपधारा (७) अनुसार चुनावी सरकार गठन हुन्छ । यो भनेको मध्यावधि चुनावका लागि गठन हुने सरकार हो ।

मध्यावधिको अवस्थामा प्रदेशलाई नपुऱ्याउने कोशीका कांग्रेस संसदीय दलका सचेतक भूपेन्द्र राईले दाबी गरे । 'हामी हाम्रो प्रदेशलाई निर्वाचनमा चाँडै धकेल्दैनौं । धारा १६८ को उपधारा (५) अनुसार सर्वदलीय सरकार गठन गरेर भए पनि प्रदेशलाई निर्वाचनमा जानबाट तत्काल जोगाउँछौं,' उनले प्रभावसँग भने ।

सर्वोच्चको आदेशले मुख्यमन्त्री नियुक्त हुन लागेका कार्कीले यसअघि १५ असारमा संसद्मा विश्वासको मत गुमाएका थिए । त्यसपछि उनी स्वतः पदमुक्त भएका थिए । लगत्तै कांग्रेस, माओवादी, नेकपा एस र जसपाले बहुमत रहेको भन्दै सरकार गठनका लागि प्रदेश प्रमुखसमक्ष दाबी पेस गरेका थिए ।

त्यसबेला भने गठबन्धनले तत्कालीन सभामुख बाबुराम गौतमलाई राजीनामा दिन लगाएर मुख्यमन्त्रीमा थापालाई समर्थनसहितको हस्ताक्षर गराएका थिए । जुन सर्वोच्चले ११ साउनमा असंवैधानिक ठहर गर्दै खारेज गऱ्यो । तर, फेरि गठबन्धनले थापाकै नेतृत्वमा सरकार गठन गरेको थियो । उनले दोस्रोपटक ४ भदौमा बैठकको अध्यक्षता गरेका मन्सुरीबाट विश्वासको मत पाएका थिए । यसपछि पूर्वमुख्यमन्त्री कार्की रिट लिएर कानुनी चुनौती दिन सर्वोच्च पुगे । अन्ततः उनले मुद्दा जिते । जसकारण अब उनी फेरि मुख्यमन्त्री हुँदै छन् ।

उनले कांग्रेससँग मिलेर सरकार गठन गर्न चाहेको बताएका छन् । कांग्रेस प्रदेशमा सत्ता साझेदार भए संसद् पूरै कार्यकाल टिक्ने उनको भनाइ छ । तर, उनले भनेजस्तो कांग्रेस एमालेसँग सत्ता सहकार्य गर्न तयार छैन ।

प्रदेश संसद्मा सबैभन्दा ठूलो दल एमालेका ४० जना सांसद छन् । कांग्रेसका २९ जना, माओवादीका १३ जना, राप्रपाका ६ जना, नेकपा एसका चार जना र जसपाको एक जना सांसद छन् । सरकार गठनका लागि झिनो बहुमत ४७ हो । यही संख्यामा बहुमत जुटाउन पनि प्रदेशको वर्तमान गठबन्धनहरूलाई मुस्किल छ ।

## सहमहामन्त्री...

पृष्ठ १ बाट जारी

बैठकमा सांसद गणेश पराजुलीले कांग्रेस सहमहामन्त्री यादवमाथि आक्रमण गर्ने अपराधीले कुनै पनि बहानामा उन्मुक्ति पाउन नहुने माग गरे ।

### बालिका मृत्युको छानबिन गर्न माग

बैठकमा सांसदहरूले समयमा उपचार नपाउँदा कान्ति बाल अस्पतालमा एक बालिकाको निधन भएको विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराएका छन् । नेपाली कांग्रेसका सांसद गगन थापा, एमालेका सचेतक महेश बर्तौलाले बैठकमा समय लिएर बोल्दै मकवानपुरको थाहा नगरपालिका–१० जीतबहादुर गोपालीकी छोरी पाँच वर्षीया रेजिशा गोपालीको निधन अस्पतालको लापरबाहीका कारण भएको दाबी गर्दै घटनाको छानबिन, दोषीलाई कारबाही गरी पीडितलाई न्याय दिन माग गरेका हुन् । सबै बालबालिकालाई सहजरूपमा उपचारको उचित प्रबन्ध गराउन सांसदहरूले माग गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी डा. चन्दा कार्की भण्डारीले बालिकाको निधन दुःखद् भएको बताउँदै सरकारले सरकारी अस्पतालको भौतिक पूर्वाधार विस्तारमा लगानी नगरेर यस्ता घटनामा अस्पताल र चिकित्सकलाई मात्रै दोष दिन नमिल्ने बताइन् ।

सभामुख देवराज घिमिरेले यादवमाथि भएको आक्रमण र कान्ति बाल अस्पतालमा उपचार अभावमा पाँच वर्षीय बालिका रेजिशा गोपालीको निधनबारे सदनलाई जानकारी दिन सरकारलाई निर्देश (रुलिङ) गरेका छन् । बिहीबारको बैठकको आकस्मिक, शून्य र विशेष समयमा विभिन्न पार्टीका सांसद्ले घटनाको निन्दा गर्दै घटनाको छानबिन गर्न माग गरेपछि सभामुखले उक्त निर्देशन दिएका हुन् ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ २२ गते २०८०, शुक्रबार

| | |
|---|---|
| **मेष** | व्यापार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । |
| **वृष** | मिहिनेत गर्दा अभीष्ट पूरा हुन सक्छ । |
| **मिथुन** | आफ्नो काममा अरुले फादा उठाउन सक्छन । |
| **कर्कट** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।तथा |
| **सिंह** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **कन्या** | स्पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **तुला** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी दैनिक कामकाजमा असर पर्नसक्छ |
| **धनु** | काम बन्नुका साथै दिन लाभदायक हुनेछ । |
| **मकर** | खर्च लागेपनि दिगो काम गर्न सिकनेछ । |
| **कुम्भ** | मिहिनेत गर्दा अभीष्ट पूरा हुन सक्छ । |
| **मीन** | व्यापार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ २२ गते, २०८०, ८ सेक्टेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.७२ | १३३.३२ |
| युरो | १ को | १४२.५३ | १४३.१७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.५८ | १६७.३३ |
| स्विस फ्रैन्क | १ को | १४९.१२ | १४९.७९ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८७ | ८५.२५ |
| क्यानाडियन डलर | १ को | ९७.२९ | ९७.७३ |
| सिंगापुर डलर | १ को | ९७.४८ | ९७.९२ |
| जापानी येन | १० को | ९.०१ | ९.०५ |
| चिनियाँ युआन | १ को | १८.१७ | १८.२५ |
| साउदी अरब रियाल | १ को | ३५.३८ | ३५.५४ |
| कतारी रियाल | १ को | ३६.४० | ३६.५७ |
| थाई भाट | १ को | ३.७४ | ३.७६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१४ | ३६.३० |
| मलेसियन रिङेट | १ को | २८.४० | २८.५२ |
| दक्षिण कोरियन वन | १०० को | ९.९७ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | ११.९५ | १२.०१ |
| डेनिस क्रोनर | १ को | १९.११ | १९.२० |
| हङकङ डलर | १ को | १६.९२ | १७.०० |
| कुवेती दिनार | १ को | ४३०.२० | ४३२.१५ |
| बहराइन दिनार | १ को | ३५२.०५ | ३५३.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**लाखे नाच प्रतियोगिता** | संखुवासभाको खाँदबारीमा संस्कृति संरक्षण गर्ने ध्ययले नेवारहरूको साझा संस्था नेवाः देय दबुः नगर कार्यसमितिले बिहीबार आयोजना गरेको लाखे नाच प्रतियागितामा प्रतियोगी लाखे । *तस्बिरः सुजन बज्राचार्य/रासस*

# बहुआयामिक चुनौतीहरू सामना गर्न सरकार सक्षम छ : प्रधानमन्त्री



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले नागरिक भयरहितरूपमा बस्न सक्ने वातावरण सिर्जना गर्नु राज्यको प्रमुख दायित्व भएको बताएका छन् । अन्तर्राष्ट्रिय प्रहरी सहकारिता दिवस र इन्टरपोलको १००औं वार्षिकोत्सवका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले अन्तर्राष्ट्रिय समकक्षहरूसँग सहकार्य गरेर विश्वव्यापी अपराधबाट उत्पन्न हुने बहुआयामिक चुनौतीहरू सामना गर्न सरकार सक्षम रहेको बताए ।

उनले सरकार सीमापार सुरक्षा र सहयोग प्रवर्द्धनमा सक्रिय भूमिका खेल्न तयार रहेको र आवश्यक पहल गरिरहेको बताए । प्रधानमन्त्री दाहालले सरकारले आवश्यक सबै उपायको अवलम्बन गरेर अपराधलाई निरुत्साहित गर्ने विश्वास दिलाए ।

प्रधानमन्त्रीले अपराधीहरूले प्रविधिको दुरूपयोग गरी गैरकानुनी क्रियाकलाप गरिरहेको भन्दै यसमा अन्तर्राष्ट्रिय प्रहरी सहयोगको महत्त्व अतुलनीय रहेको उल्लेख गरे । उनले भने, 'यस डिजिटल युगमा जहाँ अपराधीले प्रविधिको दुरूपयोग गरी आफ्ना नराम्रा क्रियाकलाप सञ्चालन गर्छन्, त्यहाँ अन्तर्राष्ट्रिय प्रहरी सहयोगको महत्त्वलाई थप सबल बनाउनुपर्छ ।'

विश्वव्यापी परिदृश्य र सम्बन्धित मुद्दामा चिन्तन गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने, 'विश्वले अभूतपूर्व चुनौतीको सामना गरिरहेको छ, जसमा अन्तर्राष्ट्रिय संगठित अपराध, साइबर खतरा र आतंकवादको वृद्धि समावेश छ । म सबै राष्ट्रहरूलाई विश्वव्यापी, क्षेत्रीय र उपक्षेत्रीयस्तरहरूमा अन्तर्राष्ट्रिय सहयोग सुदृढ गर्न आग्रह गर्दछु ।'

प्रधानमन्त्रीले उदीयमान खतरालाई प्रभावकारीरूपमा लड्न हामीले सूचना आदानप्रदान, खुफिया आदानप्रदान र क्षमता निर्माणलाई बढाउनुपर्नेमा जोड दिए । सरकारले अन्तर्राष्ट्रिय प्रहरी प्रयासलाई समर्थन गर्ने सर्वोपरि महत्त्वलाई मान्यता दिएको तथा यस प्रयासमा सक्रिय साझेदार भई हाम्रा प्रतिबद्धतालाई पुनः पुष्टि गरेको प्रधानमन्त्रीको भनाइ छ । प्रधानमन्त्री दाहालले अन्तर र्ष्ट्रियस्तरमा संगठित अपराध, साइबर अपराध र आतंकवादको वृद्धि भइरहेको भन्दै यसको नियन्त्रण गर्न आग्रह गरे ।

उनले मानवअधिकारको संरक्षणलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्ने उल्लेख गरे । 'नेपाल सीमापार सुरक्षा र सहयोग प्रवर्द्धनमा सक्रिय भूमिका खेल्न तयार छ । हाम्रा अन्तर्राष्ट्रिय समकक्षहरूसँग सहकार्य गरेर हामी विश्वव्यापी अपराधबाट उत्पन्न हुने बहुआयामिक चुनौतीलाई अझ राम्रोसँग सम्बोधन गर्नसक्छौं भन्ने हाम्रो दृढ विश्वास रहेको छ,' उनले भने ।

### नेपाल प्रहरीको प्रयासप्रति सराहना

सोही कार्यक्रममा बोल्दै उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले साइबर अपराध, आतंकवाद र अन्तर्राष्ट्रिय संगठित अपराधजस्ता विश्वव्यापी नयाँ सुरक्षा चुनौती र खतरालाई अझ प्रभावकारी रूपमा नियन्त्रण गर्न जरुरी रहेको बताए । उनले अपराध नियन्त्रणमा देशहरूबीच आपसी समन्वय जरुरी रहेको बताउँदै यस कार्यमा नेपाल प्रहरीले गरेको प्रयासको सराहना व्यक्त गरे ।

एक शताब्दीदेखि इन्टरपोल अन्तर्राष्ट्रिय अपराध र आतंकवाद विरुद्धको विश्वव्यापी लडाइँमा अमूल्य साझेदार भएको जनाउँदै गृहमन्त्री श्रेष्ठले यसले अन्तर्राष्ट्रिय प्रहरीबीच सहयोग अभिवृद्धि गर्नुका साथै सूचनाको आदानप्रदानमा महत्त्वपूर्ण भूमिका खेल्दै आएकामा प्रशंसा गरे ।

नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवरले लागुऔषध ओसारपसार, मानव बेचबिखन, साइबर अपराध र सीमावर्ती आतंकवादजस्ता मुद्दाहरूलाई सम्बोधन गर्न इन्टरपोलको भूमिका महत्त्वपूर्ण रहेको बताए । उनले बढ्दो सीमापार अपराधको चुनौतीका बीच विश्वव्यापी सुरक्षा प्रतिबद्धता र ऐक्यबद्धता महत्त्वपूर्ण हुने बताए । इन्टरपोलको शताब्दी वर्ष समारोहका अवसरमा अन्तर्राष्ट्रिय अपराधविरुद्ध लड्न अन्तर्राष्ट्रिय समुदायबाट पनि प्रतिबद्धता चाहिने महानिरीक्षक कुँवरको भनाइ थियो ।

# स्तरोन्नतिको पर्खाइमा प्रसूति गृह तथा स्त्रीरोग अस्पताल

■ **शरद् शर्मा**

**काठमाडौं–** थापाथलीस्थित परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पताल स्तरोन्नतिको पर्खाइमा छ । बिरामीको अत्यधिक चापलाई ध्यानमा राखेर अहिले रहेको ४१५ शयचाबाट स्तरोन्नति गरी ७०० शयचा पुऱ्याउन लागिएको हो ।

अस्पतालका निर्देशक श्रीप्रसाद अधिकारी बिरामीको चापलाई ध्यानमा राखेर शयचा थपेर अस्पताल सञ्चालन गर्नुपरेको बताउँछन् । उनका अनुसार ७०० शयचाका सञ्चालन लागि आवश्यक जनशक्तिका माग गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग कर्मचारीको संगठन तथा व्यवस्थापन (ओएनएम) का लागि अनुरोध गरिएको छ ।

सरकारले निःशुल्क शयचा व्यवस्था गरेपछि अस्पतालमा बिरामीको चाप बढेको छ । 'पाठेघरका महिलालाई पनि शयचा निःशुल्क गरेपछि बिरामीको संख्या बढेको छ,' उनले भने, 'पहिला दिनमा ७० देखि ८० जना भर्ना हुन्थ्यो भने अहिले सयभन्दा बढी बिरामी भर्ना हुने गर्दछन् ।' बिरामीको चाप बढेपछि प्रसूति भएको महिनालाई आठदेखि १० घण्टामा नै घर पठाउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

अस्पतालमा एउटा मात्र भवनमा सबै सेवा दिइरहेको अस्पतालले कुपण्डोलमा बनिरहेको १०० शयचाको नयाँ भवनमा सर्ने तयारी गरेको छ । नयाँ अत्याधुनिक छ तले भवनमा चारवटा तलामा उपचार सेवा र दुई तला पार्किङ रहनेछ । नयाँ भवन बनेपछि अस्पतालले प्रसूतिबाहेकका सबै सेवा उपलब्ध गराउने तयारी गरिएको छ । स्त्रीरोग, सुरक्षित गर्भपतन, टेस्टटचुव बेबी (आइभिएफ) र अरु सेवा त्यहींबाट प्रदान गर्ने अस्पतालका निर्देशक डा. अधिकारीले जानकारी दिए । अस्पतालको भवन छ महिनाभित्र सक्नेगरी काम भइरहेको छ ।

उनले प्रसूतिबाहेकका सबै सेवा कुपण्डोलमा सारेपछि थापाथलीमा खाली हुने भवनमा प्रसूतिका बिरामीलाई क्याबिनमा राख्न सक्ने, सघन उपचार कक्ष (आइसियू) र नवजात सघन हेरचाह एकाइ (एनआइसियू)जस्ता सुविधा थप गर्ने योजना रहेको बताए । अस्पतालमा अहिले १० शयचाको (एनआइसियू) र स्पेसल बेबी केयर युनिट ३० शयचा रहेको छ ।

बाहिर अस्पतालमा धेरै महँगो उपचार हुने भएकाले अहिले बिरामीको पहिलो रोजाइ प्रसूति अस्पताल बनेको छ । 'अन्य अस्पतालमा महँगो उपचार रहेकाले धेरै बिरामीहरू हाम्रै अस्पतालको एनआइसियूमा उपचार गर्न आउने गर्दछन्,' उनले भने, 'जटिल खालका



रोगको उपचारका लागि पनि धेरै बिरामी आउने गर्दछन् । त्यसैले एनआइसियू शयचा थप्ने तयारीमा छौं ।'

उनका अनुसार अस्पतालले एक महिनाभित्र थप १० वटा एनआइसियू शयचा भेन्टिलेटरसहित सञ्चालनमा ल्याउनेछ । थप १० शयचा थप्दा धेरै नवजात शिशुलाई बाहिर अस्पतालमा रिफर गर्नु नपर्ने उनको भनाइ रहेको छ । बाहिर अस्पतालको एनआइसियू धेरै महँगो रहेको र प्रसूति अस्पतालमा भने एनआइसियू निःशुल्क रहेको छ ।

### काउण्टर थप्दै

अस्पतालले बिरामी छिटो सेवा प्रदान गर्नका लागि काउन्टर थप्ने तयारी रहेको छ । बिरामीलाई दुई घण्टाभित्र उपचार गरेर घर फर्कन सकून् भनेर काउन्टर थप गरिएको उनी बताउँछन् । धेरै बिरामी आउन थालेपछि एउटा पैसा तिर्ने काउन्टर र अर्को टिकटको काउण्टर थपिने भएको छ । यस्तै फार्मेसी पनि दुईटा काउन्टर थपेर तयारी रहेको छ ।

अस्पतालले अहिले कुपण्डोलमा टेस्टटचुव बेबी (आइभिएफ) सेन्टर सञ्चालन गरेको छ । प्रत्येक दिन ७० जना निःसन्तान बिरामीको उपचार गर्ने गरेको छ । तीमध्ये सामान्य विरामीलाई उपचार गरी घर पठाउने र आइभिएफका लागि भने महिना-महिनामा एक पटक कुपण्डोलस्थित अस्पतालबाट उपचार सेवा दिने गरेको जनाएको छ ।

आइभिएफलाई व्यवस्थित गर्नका लागि नयाँ उपकरण खरिद गर्न थालेको बताए । दूरबिनबाट शल्यक्रिया, ल्याप्रोस्कोपी विधिबाट पाठेघरको शल्यक्रिया, अण्डाको टचुमर, सानासाना शिष्ट, बच्चा नहुने महिलालाई पाठेघरको उपचार अस्पतालले गरिरहेको छ । 'पहिला हामीले महिलालाई सबै सेवा दिन सकेका थिएनौं,' उनले भने, 'हप्तामा छ वटासम्म दूरबिनबाट शल्यक्रिया गर्दछौं । चिरेर शल्यक्रिया पनि थुप्रै गर्दछौं ।'

अस्पतालले निःसन्तान परिवारका लागि उपचारका लागि काठमाडौं आउनु झण्झट हटाउन थालेको छ । सरकारले चारवटा आइभिएफ सेन्टर खोल्ने योजनासहित अस्पतालले बिरामीलाई काठमाडौं आउनुपर्ने अवस्थाको अन्त्य गर्न थालेको हो । सरकारले निःसन्तान परिवारका लागि सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र मधेस प्रदेशमा गरी चारवटा आइभिएफ सेन्टर स्थापना गर्ने तयारी गरेको छ ।

आइभिएफका लागि चिकित्सक, नर्स र ल्याबटेक्निसियनलाई चारवटै सेन्टरका दुई ब्याचको तालिम दिइसकेको छ । काठमाडौं आउन झन्झटिलो, खर्चिलो हुने र उपचारमा बस्न पनि लामो समय लाग्ने भएकाले त्यहाँका बिरामीलाई उपचार गर्नका लागि हामीले स्वास्थ्यकर्मीलाई आइभिएफसम्बन्धी तालिम दिन सुरु गरिसकेको उनले बताए । अब ८० प्रतिशत बिरामीलाई काठमाडौं आउनुपर्ने झण्झट र खर्चिलो उपचार गर्नुपर्ने कम हुने उनको भनाइ छ । अस्पतालले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) अन्तर्गत छात्रवृत्तिमा १५ जना विद्यार्थीलाई एमडी अध्ययन पढाउन सुरु गरेको छ ।

### नियमित अडिट

लामो समय अस्पतालमा बसेका बिरामीको नियमित अडिट गर्ने गरेको उनी बताउँछन् । के कारणले बिरामी लामो समय अस्पतालमा बस्नु परेको भन्ने कुरा अडिटबाट थाहा हुने उनको भनाइ छ । 'कुनै बिरामी लामो समय अस्पतालमा के कारणले बस्नुपऱ्यो भनेर आन्तरिक अडिट गर्दछौं,' उनले भने, 'हाम्रै कारणले लामो समय बस्नुपऱ्यो कि हाम्रा के कमजोरी भएका छन्, कुन औषधि चलाउँदा राम्रो हुन्थ्यो कि त्यसको पत्ता लगाउनका लागि नियमित अडिट गर्दछौं ।'

अस्पतालले अहिले प्रसूतिसम्बन्धी र नवजात शिशुको उपचारको साथै आमा सुरक्षा कार्यक्रमअनुसार नवजात शिशु र गर्भवतीलाई सबै सेवा निःशुल्क प्रदान गर्दै आइरहेको छ । 'अस्पतालमा एउटा नर्सले १५ देखि २० गर्भवतीका बिरामी हेर्नुपरेको छ । विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) अनुसार त्यो धेरै नै कमी हो । डब्ल्युएचओले एक जना नर्सले दुई गर्भवतीको उपचार गर्न सक्छन् भन्ने मापदण्ड रहेको छ,' उनले भने, 'हामीसँग जनशक्तिको कमी छ ।'

### "हयुमन मिल्क बैंक" प्रभावकारी

अस्पतालले एक वर्षअघि सञ्चालनमा ल्याएको 'हचुमन मिल्क बैंक' (बृहत् स्तनपान व्यवस्थापन केन्द्र) प्रभावकारी देखिएको छ । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७९ भदौ ३ गते दूध खान नसक्ने शिशुलाई अरु आमाको दूध संकलन गरेर खुवाउनेका लागि बैंकको शुभारम्भ गरेकी थिइन् । अहिले दैनिक १० जना आमाहरूले दूध दान गर्ने गरेका छन् ।

समयभन्दा अगाडि जन्मेका, गम्भीर विरामी भएका, जन्मिनेबित्तिकै रुन नसक्ने हातखुट्टा नै लल्याकलुलुक भएका, आइसियूमा रहेका, आमाको दूध राम्रोसँग तान्न नसक्ने बच्चालाई मिल्क बैंकमा जम्मा भएको दूध दिने गरिन्छ । बैंकमा अहिलेसम्म ७४९ आमाबाट ४५६ लिटर आमाको दूध संकलन गरिएको छ । यसमा ४४८.८८ लिटर आमाको दूध निर्मलीकरण गरी ८७३ शिशुलाई ३९९.८९ लिटर खुवाइको बैंकका व्यवस्थापक स्मृति पौडेलले जानकारी दिए । *रासस*


## सूचना

यस **Paradeshi Overseas Services Pvt. Ltd.** (ई.प.नं.३८७/०५९/०६०)मा कार्यरत **Dambar Kumar Sherma** सँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License 387/059/060
**Paradeshi Overseas Services Pvt. Ltd.**
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com

**नेपाली सेना स्वास्थ्य विज्ञान महाविद्यालय**
सानोभर्याङ्ग, काठमाडौं

**प्रमाणपत्र तह कार्यक्रमहरुमा भर्ना सम्बन्धी सूचना**

यस महाविद्यालयमा शैक्षिक शत्र २०८०/८१ को लागि प्रमाण-पत्र तहमा मेडिकल ल्याव टेक्नोलोजी, डाईगोनोष्टिक रेडियोग्राफी र फिजियोथेरापी कार्यक्रमहरुमा केही रिक्त हुन गएका सिटहरुमा CTEVT बाट स्वास्थ्य तर्फ प्रकाशित नतिजामा कुनै पनि बिषयमा उर्तिण भई पास लिष्टमा भएका इच्छुक विद्याथीहरुलाई सूचना प्रकाशित भएको मितिले पाँच दिन भित्र निवेदन पेश गरी भर्ना गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पर्क न.:०१-४८८१६३५

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०५/२२ गते)

चनरमन महतो चाईको नाती, जइ महतो चाईको छोरा, शिव दुलारी देवीको श्रीमती पर्सा जिल्ला, सिवर्वा गा.वि.स वंडा नं ०९ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, पोखरिया नगरपालिका वडा नं. ९ बस्ने नन्द लाल प्रसाद चौहानको मिति २०८०/०४/१५ गतेमा मुत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ००८०१४५३२६५०००01 मा मौज्दात रहेको रकम भुत्तानी पाउँ भनि निज खातावालको श्रीमती शिव दुलारी देवीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय ड्राईपोर्ट, पर्सा सम्पर्क नं. ०५१-५९००२२/२३**

**नेपाली सेना व्यवसायिक कृषि तथा पशुपालन तालिम केन्द्र, बगालेगांउ लम्जुङ बोलपत्र आह्वानको सूचना**

सूचना नं.०८१/८०/०१
(पहिलो पटक प्रकाशित मिति: २०८०/०५/२२ गते)

१.यस तालिम केन्द्रको लागि आ.व.२०८०/८१ मा निम्न अनुसारको निमार्ण तथा खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजत प्राप्त इच्छुक फर्महरुले e-Gp system को माध्यमबाट बोलपत्र आह्वान गरिएको हुँदा विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट *http://www.bolpatra.gov.np/egp.* हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।
२.विधुत्तिय माध्यमबाट बोलपत्र अपलोड गर्नु पर्ने अन्तिम मिति २०८०/०६/२१ गतेको १२:०० बजे भित्र र बोलपत्र खोलुवा मिति सोही दिनको १३:०० बजे ।
३.बोलपत्रको विवरण

| सि. नं. | ठेक्का प्याकेज | बजेट शिर्षक | कामको विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | जमानत रकम रु. | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | NAWF/NAAHI/NC/ LMG/2080/81/09 | भवन निर्माण | जवान भान्छा ३र निर्माण | २४,७९,२२०/१८ | ८०,०००/०० | रु.३,०००/- |
| २ | NAWF/NAAHI/GOODS/ LMG/2080/81/10 | फर्निचर | फर्निचर सामग्रीहरु खरिद | ६२,३६,३७१/९० | २,००,०००/०० | रु.३,०००/- |
| ३ | NAWF/NAAHI/RATION/ LMG/2080/81/11 | पशुपंक्षी आहार | पशुपंक्षीहरुको लागि दाना तथा आहार खरिद | २३,५९,२०५/१४ | ७५,०००/०० | रु.३,०००/- |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# रोजिशाको मृत्युमा दोषी को को ?

सोमबार कान्ति अस्पतालमा एक बालिकाको उपचार नपाएर मृत्यु भएको घटनाले सदन तात्तियो । मकवानपुरकी पाँच वर्षीया रोजिशा गोपालीको पक्षमा सदनमा गर्जिए सांसदहरू । यस घटनामा बालिकाको परिवारको पक्षमा सबभन्दा ठूलो स्वर गर्ने सांसदहरूको लाइनै थियो । छोरी रोजिशा गुमाएका थाहा नगरपालिका वडा १० का जीतबहादुर गोपाली र उनको परिवार अहिले पीडामा छन् । तर विभिन्न अस्पतालमा आफ्नो पालामा तीन हजार ५०० भन्दा बढी निःशुल्क शयया उपलब्ध गराएको ढोल पिटेका स्वास्थ्य क्षेत्रको नेतृत्व गरिरहेका मन्त्री मोहन बस्नेत यतिबेला इजिप्टमा छन् । तीन दिनअघि इजिप्टमा पुगेका बस्नेतले सय दिनमा १०१ काम गरेको भन्दै फेहरिस्त प्रस्तुत गरेका थिए । तर उनको दाबी यति झूठ रहेछ भन्ने कुरा रोजिशाको मृत्युले छर्लंग पारेको छ ।

समयमा काम हुने क्षेत्र पाउन नेपालमा मुस्किल छ । झन् सरकारी अस्पतालमा त छोइनसक्नु । कि त कर्मचारीसँग चिनजान हुनुपर्‍यो, कि त डाक्टर नर्ससँग । नभए मन्त्री, नेताको पावर त लगाउनैपर्‍यो सामान्य उपचारका लागिसमेत । नत्र बरु बेड खाली राख्छन्, खाली छैन भन्दै फर्काउँछन् । सोमबार रोजिशाको मृत्युमा कान्ति अस्पतालको हदैसम्मको लापरबाही देखिन्छ । तर प्रजातन्त्रका लागि लडे भनेर बारम्बर सुगारटाइ गर्ने नेताहरूले खै व्यवस्थापनमा परिवर्तन गरेका ? एकले अर्कोलाई हिलो छ्याप्ने र जनतालाई दिग्भ्रमित पार्ने कामबाहेक नेतृत्वमा पुगेकाहरूले सिन्को भाँचेका छैनन् ।

रोजिशाको मृत्युमा अभिभावकको पनि लापरबाही देखिन्छ । उनको लापरबाहीमा राज्यको साथ छ । घर नजिकै पायक पर्ने ठाउँमा औषधि पसल खोल्ने सुविधा राज्यले दिएको छ । जस्तोसुकै बिरामी होस्, त्यस्ता औषधि पसलमा बसेका विक्रेताले ठीक पार्लाझैं गरेर दिन्छन् । उच्च ज्वरो आफैंमा खतरनाक हुन्छ । यस्तो अवस्थामा चिकित्सकको उच्च निगरानी हुँदासमेत काठमाडौं–१६ का वडाध्यक्ष मुकुन्द रिजालको निधन भयो । रोजिशाको प्रकरणमा उनका अभिभावकले नजिकैको मेडिकलमै जाँच गराएर औषधि खुवाएका रहेछन् अघिल्लो दिन नै । यहीनेर अभिभावकको लापरबाही देखिन्छ तर मेडिकललाई लाइसेन्स दिने त सरकार हो । नीति नियम बनाउने सांसदहरू हुन् । अस्पतालमा सोर्सफोर्सको चलन बढाउने राजनीतिक दलका पावरदार मानिसहरू हुन् । त्यसैले यस्तो गैरजिम्मेवार व्यवस्थापन नसुध्रेसम्म नागरिकले अकालमा ज्यान गुमाउनु शिवाय सुनुवाइ केही हुनेवाला छैन । त्यसैले हरेक नागरिकले आ–आफ्नो ठाउँबाट राजनीतिक दलको गैरजिम्मेवारप्रति खबरदारी गर्नैपर्छ र आसेपासे, सोर्सफोर्स र आफू अनुकूल नीति निर्माणलाई निरुत्साहित पार्नैपर्छ ।

## मननयोग्य

### चाणक्य नीति

सीमापारिको सूचना गुप्तचरबाट थाहा पाएर चाणक्य विचलित भावले राजमहलको सभाभवनमा यताउति घुमिरहेका थिए । चन्द्रगुप्त सैनिक मानचित्रको अध्ययन गरिरहेका थिए । यस्तैमा एउटा प्रहरी प्रवेश गर्दै कुनै गुप्तचर आएको खबर दियो । गुप्तचर आई चन्द्रगुप्त र चाणक्यलाई सैनिकका ढंगबाट अभिवादन गर्दै सिन्धु नदीपारि सेल्युकस ठूलो सैन्य लिई आइपुग्यो, यसपटक उसँग इरान र अरबका राजा पनि छन्, सुनिन्छ तक्षशिलाका हामीद्वारा नियुक्त राजाले पनि उसको स्वाधीनता स्वीकार गरे अरे भन्ने खबर पनि सुनियो । यो सुन्दा चाणक्यका आँखा रिसले राताराता भए, क्रोधले रातो भएको उनको मुख देखी चन्द्रगुप्त पनि डराए । चाणक्यले चन्द्रगुप्तपट्टि फर्की भने-'तिमीबाट पराजित भएको सेल्युकसले आफ्नो अपमान बिर्सिएको छैन । ऊ चोट लागेको सर्पजस्तै भइरहेछ । तिमी एक ठूलो सेना लिई झेलमपारि नै उसलाई रोक । साथै रिसने बडबडाई मुखबाट शब्द निस्कदै थियो, आकाशबाट चाहेजति नै पानी किन नपरोस् पृथ्वीले सबै पिउछिन् चाहे जत्रो ने तुफान किन नआओस् त्यसले क्या हल्लाउन पनि सक्तैन ।' 'त्यो स्याललाई हामीले अभयदान दिएका थियौ ।

फेरि यता आउने साहस उसलाई कसरी आयो ? सुनको भोको ए सेल्युकस । हामी यसपटक तेरो स्वागत यसरी गत पुनः भारतवर्षमा कुदृष्टिले हेर्नसक्ने छैनस् । अनि चाणक्यले केही कुरा सोच्तै लामो सास फर जुन उनको मनोबलको द्योतक थियो ।

यतिखेरै सैनिक कवच धारण गरी गुप्तचरले प्रवेश गरे । श्रद्धा एवम् विश्वासले अभिवादन गरे । चाणस्यले 'जय' को आशीर्वाद दिदै रणनीतिसम्बन्धी गूढ° परामर्श पनि उनलाई तत्काल दिए । सँगसँगै चन्द्रगुप्त र चाणक्य महलबाट बाहिरिदै सैनिक छाउनीसम्म आए र चन्द्रगुप्तने चाणक्यको चरण स्पर्श गरी आफ्नो प्यारो सेतो घोडामा चढ°ी युद्धको शंखनाद गरे हजारो घोडचढी, लाखों पैदल सैनिक, सबकडी ज्ञ हाती अत्यन्तै डरलाग्दो आँधीबेहरी उत्पन्न गर्दै युद्धभूमितर्फ लागे उता व्याँसपारि मगधको सीमादेखि टाढा डरलाग्दो समूहमा । *क्रमशः*

# सबैका लागि सुरक्षित 'साइबर स्पेस'



नेत्र सुवेदी 'प्रयास'

**जस्तोसुकै चमत्कारिक विशेषतासहितको प्रविधि किन नहोस् यसको सदुपयोग भएन भने मानव सभ्यता र समाजले पाउने कम र गुमाउने कुरा बढी हुने जोखिम रहन्छ । सूचना प्रविधिका उपकरण र त्यसमा पनि इन्टरनेटको प्रयोग बढ्दै जाँदा यससँग जोडिएको साइबर जोखिम पनि बढेको छ । सामाजिक सञ्जालले विश्व नै जेलिएको सन्दर्भमा केही राम्रा पक्ष हुँदाहुँदै पनि यसले सिर्जना गर्न सक्ने अफवाह, हिंसा एवं मानवीय अन्तरसम्बन्धमा देखिने गलत परिणाम बढ्न नदिनका लागि सामाजिक सञ्जालका प्रयोगकर्ता, सञ्चालकहरु र राज्यका तर्फबाट पनि उचित मापदण्ड वा स्वनियमनको औजार प्रयोग हुनु आवश्यक छ । यो विषयमा सम्वाद गरी निकास खोज्न ढिलाइ गर्नु हुँदैन ।**

सूचना तथा सञ्चारको क्षेत्रमा पछिल्ला दिनहरूमा खासगरी तीन वटा विषयले बारम्बार चर्चा पाएको अवस्था छ । पहिलो हो, मोबाइल नेटवर्क तथा इन्टरनेट सुविधा देशभित्रको जुनसुकै बस्ती, राजमार्ग तथा सार्वजनिकस्थलमा उपलब्ध हुनुपर्ने र उक्त सुविधा गुणस्तरीय र भरपर्दो हुनुपर्ने । सारमा भन्नुपर्दा यो विषय आधारभूत आवश्यकताका रूपमा रहेको इन्टरनेट सेवामा नागरिकको पहुँचसँग सम्बन्धित छ । दोस्रो विषय भनेको, कम्प्युटर र इन्टरनेटका साथै अन्य इलेक्ट्रोनिक उपकरण प्रयोग गर्दा साइबर सुरक्षाको प्रत्याभूतिको विषय हो । यसका लागि नेपाल सरकारले हालसालै राष्ट्रिय साइबर सुरक्षा नीति जारी गरी सम्बोधन गर्ने अग्रसरता देखाएको छ । तेस्रो विषय भनेको, सामाजिक सञ्जालको प्रयोगलाई थप व्यवस्थित र सिर्जनात्मक बनाउनका लागि यससँग जोडिएका मिथ्या सूचना र सामग्री तथा जथाभावीरूपमा अरुलाई दुःख दिने तथा चरित्र हत्या गर्नेजस्ता घटना नहुने वातावरणको सिर्जना गर्ने विषय हो । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एउटा कार्यटोली बनाएर विज्ञ एवं सरोकारवालासँगको परामर्शबाट कानुन मस्यौदा गर्ने कार्य अगाडि वढाएको छ । यी तीनवटै विषयले आधुनिक समयले सिर्जना गरेको डिजिटल पूर्वाधार निर्माण गर्न तथा त्यस्तो पूर्वाधारको सुरक्षित उपयोगतर्फ संकेत गरेको हुँदा सबैका लागि सुरक्षित साइबर स्पेसको सिर्जना अहिलेको पेचिलो र निकासका लागि प्राथमिकता पाउनुपर्ने विषयका रूपमा देखापरेको छ ।

'डिजिटल डिभाइड' अन्त्य कसरी गर्ने ?

राज्यप्रदत्त सुविधा उपयोग गर्नमा एउटै देशका सबै स्थान वा भेगमा रहने नागरिकलाई बराबरी अधिकार छ र हुनुपर्दछ । कहीँ दूरसञ्चार पूर्वाधारका रूपमा टेलिफोन र इन्टरनेटको राम्रो सुविधा हुनु र कहीँ नहुनु वा भएपनि गुणस्तरीय नहुनु अनि प्रयोग गर्ने तरिका थाहा नहुनुलाई नै डिजिटल डिभाइड भनिन्छ । यस्तो डिजिटल डिभाइड हुनु नेपालको विकासका लागि चुनौती हो । यसको समाधान सम्भव छ । विकट वस्तीहरूमा, निकुञ्जहरूमा र कतिपय राजमार्गहरूमा टेलिफोन नेटवर्कले राम्रो काम गर्दैन, डेटा चल्दैन र अप्टिकल फाइबर सुविधा पनि पुगेको छैन । जरुरी पर्दा वा दुर्घटना पर्दा सूचना सम्प्रेषण समयमा हुँदा नै जनधनको क्षति रोक्न सकिन्छ ।

स्वाभाविकरूपमा सूचना प्रविधिसम्बन्धी आधारभूत पूर्वाधार पुर्‍याउने विषय प्राथमिकतामा रहनुपर्दछ । एउटै देशका नागरिकहरूबीच सुविधामा भेद गर्न मिल्दैन र पाइँदैन । सबैका लागि आधुनिक सूचना प्रविधि सुविधा उपलब्ध हुनुपर्दछ । साथै, प्रयोगकर्तालाई सूचना प्रविधिको असल प्रयोग गर्न र जोखिमबाट बच्नका लागि सचेत र सजग बनाउने काम पनि राज्यकै निकायहरूको हुन्छ चाहे यो काम अरु कुनै संस्थामार्फत नै भएको होस् । तीनै तहका सरकारहरूले यो विषयलाई गम्भीरतापूर्वक आफ्ना नीति, कार्यक्रम र व्यवहारमा उतार्न आवश्यक छ ।

## राष्ट्रिय सुरक्षाकै महत्त्वपूर्ण आयाम साइबर सुरक्षा

जहाँजहाँ इन्टरनेटको पहुँच छ त्यहाँसम्म साइबर स्पेस फैलिएको मानिन्छ । माथि नै भनियो कि हामी इन्टरनेटको सुविधा प्रयोग गर्ने अर्थात् साइबर युगमा छौं, जहाँ डिजिटल कारोबार र अनलाइन कार्यशैली जीवनका अभिन्न अंग बनिसकेका छन् । वाइफाइ सुविधा तथा ब्रोडब्याण्ड कनेक्सन नहुनासाथ हामी के के न छुटेजस्तो महसुस गर्दछौं । यसको मतलव हो कि 'साइबर स्पेस'मा हामीहरू अभ्यस्त भइसकेका छौं ।

आधारभूत आवश्यकताको वस्तुका रूपमा इन्टरनेट पनि सूचीकृत भइसकेको छ । यसको अर्को पाटो भनेको साइबर आक्रमण बढ्नु हो । अपराधको स्थिति विश्लेषण गर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेर र यसको प्रयोग रहेको 'साइबर स्पेस'को प्रयोग गरेर हुने अपराध बढ्दो क्रममा रहेको हुँदा साइबर सुरक्षाको विषय राष्ट्रिय सुरक्षाकै लागि चासो र चिन्ताको विषय बन्न पुगेको छ ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा सूचना प्रविधिको प्रयोगमा सुरक्षा एवं विश्वासको प्रत्याभूति गरिने, साइबर अपराधको रोकथाम तथा अभियोजन प्रणालीको विकास गरिने, साइबर आक्रमण पहिचान, रोकथाम, प्रतिरक्षालगायतका आयामहरूलाई सम्बोधन गर्ने कुरामा जोड दिइएको छ । २०८१ असार मसान्तमा अवधि सकिने १५औं आवधिक योजनामा साइबर सुरक्षाको विषय पनि परेको छ र आगामी १६औं योजनामासमेत यो विषयले प्रवेश पाउने नै छ ।

त्यसैगरी हालसालै नेपाल सरकारले जारी गरेको राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० ले सुरक्षित र उत्थानशील साइबर स्पेस निर्माणको सोचसहित आगामी १५ वर्षभित्र नेपालको विश्वव्यापी साइबर सुरक्षा सूचकांक स्कोर हालको ४४.९९ बाट ८० पुर्‍याउने लक्ष्यसहित कानुन तथा कार्यविधि, संरचना, जनशक्ति विकास तथा अनुसन्धान, तथ्यांक सुरक्षा, निजी क्षेत्र तथा नागरिक समाजकोसमेत सहभागिता एवं अन्तर्राष्ट्रिय सहयोग र सहकार्यका विषयहरू समेटी रणनीति र कार्यनीतिहरू अघि सारेको छ ।

कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने, साइबर सुरक्षासम्बन्धी विषयलाई नजिकबाट निगरानी गर्नका लागि साइबर सुरक्षा केन्द्र सञ्चालनमा ल्याउने, क्षमता विकास तथा साइबर सुरक्षासम्बन्धी शिक्षा र सचेतनाको उचित व्यवस्था गर्ने, देशभित्र र बाहिर रहेका सरोकारवालाहरूबीच सहयोग आदानप्रदानको वातावरण बनाउने र तथ्यांक सुरक्षाका लागि आवश्यक प्रबन्ध गर्नेलगायतका प्रावधानहरू नीतिमा समावेश गरिएको छ । विषयवस्तुको प्रकृति नै चलायमान र शीघ्र परिवर्तनशील रहेको हुँदा हरेक वर्ष नीतिमा पुनरवलोकन गर्ने उल्लेख हुनु पक्कै पनि राम्रो पक्ष हो ।

## सामाजिक सञ्जालको नियमन

जहाँजहाँ इन्टरनेट पुगेको छ, त्यहाँ त्यहाँ प्रयोगकर्ताहरू सामाजिक सञ्जालमा जोडिने सम्भावना बढी छ र जो जो सामाजिक सञ्जालमा जोडिएका छन् । उनीहरू आपराधिक प्रवृत्तिका व्यक्तिबाट ठगिने वा शोषणमा पर्ने सम्भावना बढेर गएको छ । यसबाहेक डेटा चोरी हुने, रकम चोरी हुने र चरित्र हत्या हुने जस्ता घटनाहरू घटिरहेका छन् । सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा मिथ्या सूचना प्रवाह हुने क्रम बढेको छ । अनलाइन मिडिया लाइक, सेयर गर्नेमात्र हैन, कि युजर क्रिएटेड कन्टेन्टहरूको प्रयोग गरी सेयर, लाइक, कमेन्टको संख्या हेरी कमाइ हुने प्रावधानका कारण तथा भाइरल हुने सुरमा कतिपय सामाजिक र नैतिक पक्षहरू गौण हुने जोखिम बढेर गएको छ ।

परम्परागतरूपमा प्रयोगमा रहेका र मूलधार मानिने पत्रपत्रिका, रेडियो, टेलिभिजनको तुलनामा सामाजिक सञ्जालमा आएका कन्टेन्ट, अनलाइन पत्रिका र ओटिटीमार्फत हुने प्रसारणका सूचना सामग्रीलाई प्रयोगकर्ताले पछ्याउन थालेका छन् । फलस्वरूप मिडिया दर्ता र नियमन गर्ने कानुनमासमेत नयाँपनको खाँचो देखिएको छ । विज्ञापन बजार पनि डिजिटल मिडियातर्फ झुकेको छ । हालसालै जारी भएको विज्ञापन नियमावलीले केही न्यु मिडियाको विषय उठान गरेको छ । ओटिटी प्लेटफर्म सञ्चालन सम्बन्धमा राष्ट्रिय प्रसारण नियमावली संशोधनको क्रममा रहेको छ ।

सामाजिक सञ्जालका धेरै प्लेटफर्महरू प्रयोगमा छन् जसले गेम खेलेर समय बिताउनेदेखि लिएर जुवातास, लागुऔषधको कारोबार र डेटिङ् सुविधासम्म उपलब्ध गराउँदछन् । यी सबै उपलब्धताले हामीलाई हेर्न बाध्य त पार्दैनन् तर लोभ्याउँछन् र लत बसाल्न प्रेरित गर्दछन् । यदि हामीले फेसनका साइटहरू लाइक गर्‍यौं भने थरिथरि फेसन देखिन थाल्दछन्, हामीले जस्तो तस्बिर हेर्न थाल्यौं, प्लेटफर्मले एल्गोरिदम प्रयोग गरेर रुचिअनुसारका मिल्दाजुल्दा सामग्री पस्कन थाल्दछन् । के यो क्रम बढेर जाँदा हामी सिर्जनशील समय बर्बाद हुने अवस्था आउँदैन त ? यो विषयमा गम्भीरतापूर्वक विमर्श हुन आवश्यक छ ।

बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सञ्चार रजिष्ट्रारको कार्यालयद्वारा प्रकाशित पुस्तक डिजिटल साक्षरतामा समेटिएको परिभाषाअनुसार सामाजिक सञ्जाल हुनका लागि आफ्नो पहिचानसहितको प्रोफाइल बनाउने ठाउँ भएको, प्रकाशित हुने सामग्री प्रयोगकर्ताले नै लेखेका, बोलेका, खिचेको वा अरुको सामग्री सेयर गरेको हुनुपर्ने र सामान्य तयार सामग्रीमा आफ्नो राय वा मत दिने अवसर प्रयोगकर्तालाई हुनुपर्दछ भनिएको छ । यस्तो सञ्जालमा दुई वा दुईभन्दा बढी प्रयोगकर्ताबीचमा दोहोरो अन्तरक्रियाको अवसर हुनुपर्दछ ।

सामाजिक सञ्जालले उस्तै रुचि र सम्बन्ध भएकाहरूबीचको अन्तरक्रियालाई भेट नभईकन पनि सम्भव तुल्याउँछ त्यसैले यसलाई 'भर्चुअल कम्युनिटी' पनि भनिन्छ । सामाजिक सञ्जालका लागि पूर्वाधार भनेको इन्टरनेट हो भने इन्टरनेटकै सहायताले प्लेटफर्म वा एपका रूपमा नयाँ-नयाँ सामाजिक सञ्जालहरू थपिँदै गएको देखिन्छ । सन् २००४ मा फेसबुकको सुरुआत हुनुअघिदेखि नै माइस्पेस, फ्रेण्डस्टर र लिंकडिनजस्ता प्लेटफर्म प्रयोगमा आइसकेका थिए । अहिले आएर १०० भन्दा वढी सामाजिक सञ्जाल प्लेटफर्म सक्रियरूपमा सञ्चालनमा रहेको बताइन्छ ।

साइबर स्पेस भन्नेबित्तिकै इन्टरनेट जहाँजहाँ प्रयोग हुन्छ त्यहाँसम्मको दायरा समेटिने हुँदा सामाजिक सञ्जाल पनि साइबर क्राइम हुने सम्भावित क्षेत्र पर्ने नै भयो । नेपाल सरकारले पहिलोपटक जारी गरेको उल्लेखित नीतिले सामाजिक सञ्जालको प्रयोग सुरक्षित प्रयोगतर्फ समेत इंगित गरेको छ । साइबर सुरक्षाका लागि निरन्तर अनुगमन गरी सुरक्षित अनलाइन स्पेस निर्माण गर्ने रणनीतिअन्तर्गत कार्यनीतिका रूपमा इन्टरनेट तथा सामाजिक सञ्जालको प्रयोग गरी भ्रामक जानकारी सम्प्रेषण गर्ने कार्यलाई नियन्त्रण गरिने, महिला, बालबालिका वा लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिका विरुद्ध लक्षित अनलाइन सेवाहरूलाई निषेध गरिने, इन्टरनेट तथा सामाजिक सञ्जालको प्रयोगबाट हुने विभिन्न प्रकारका हिंसा एवं भेदभावलाई नियन्त्रण गरिने, राष्ट्रिय सुरक्षामा आँच पुर्‍याउने, घृणा वा द्वेष फैलाउने अनलाइन उत्पीडन र साइबर बुलिङ गर्ने सामाजिक तथा साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने अश्लीलता फैलाउने किसिमका डिजिटल सामग्रीको सम्प्रेषणलाई निषेध गरिने र स्पाम मेसेजहरू सम्प्रेषण गर्ने कार्यलाई नियन्त्रण गरिने विषय समेटेको छ ।

सामाजिक सञ्जालको नियमनका लागि बन्ने कानुनको मस्यौदामा खासगरी नेपालको संविधानले महत्त्वका साथ व्यवस्था गरेको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको मर्मलाई आत्मसात् गर्दै सामाजिक सञ्जालको रचनात्मक र समाजका लागि पाच्य हुने खालको वातावरण सिर्जना गर्ने गरी कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ । कानुनको मस्यौदा गरिरहँदा खासगरी सामाजिक सञ्जाल र यसको गलत प्रयोगसम्बन्धी शब्दावली र तिनको परिभाषा स्पष्टरूपमा उल्लेख हुनुपर्दछ ।

त्यस्तैगरी सूचीकरण वा दर्ताको प्रक्रिया समावेश गर्नुपर्दछ । यसबाट सरकारले वा आमनागरिकले सोसल साइटलाई चिन्न सकोस् । दर्ता प्रक्रिया सरल र अनलाइन तवरले गर्न सकिनेसम्म उक्त उपाय अवलम्बन गर्नुपर्दछ । सम्भव भएसम्म स्वनियमनका उपायहरू कानुनले समेट्नु उपयुक्त हुन्छ । यसमा प्लेटफर्म सञ्चालकहरूको दायित्वका साथै 'कोड अफ प्राक्टिस'का साथै शिक्षा तथा सचेतनाका विषयहरू समेटिन सकून् ।

## अन्तर्राष्ट्रिय अभ्यास

विश्वका २८ वटा देश आबद्ध युरोपेली युनियनले सन् २०२२ मा जारी गरेको 'डिजिटल सर्भिसेज एक्ट'ले अनलाइन प्लेटफर्मले डिजिटल कन्टेन्टका सम्बन्धमा नयाँ मापदण्डको प्रस्ताव गरेको छ । प्रयोगकर्ताको अधिकारको संरक्षण गर्दै कानुनविपरीतका कन्टेन्टको प्रवाहलाई सीमित गर्दै जाने उद्देश्य यो कानुनले राखेको बताइन्छ । सबै सदस्य राष्ट्रहरूले अनुमोदन गर्नुपर्ने हुँदा यो मापदण्डको पूर्ण कार्यान्वयन भने हुन बाँकी छ । बेलायत, जर्मनी र अस्ट्रेलियामा इसेफ्टी कमिसनको अवधारणा प्रयोगमा छ ।

अमेरिकामा अनलाइन प्लेटफर्मको पक्षमा त्यहाँको कार्यविधि रहँदै आएकामा हालैका दिनमा आएर अनलाइन कन्टेन्टका साथै साइट सञ्चालकले प्रयोगमा ल्याउने अल्गोरिदमको पारदर्शिताको व्यवस्थासहितको कानुनको विधेयक संसद्मा विचाराधीन रहेको छ । चीनमा विकसित टिकटकलाई प्रतिबन्ध लगाएको भारतले अनलाइन कन्टेन्टसम्बन्धी इन्टरमेडियाटरिजलाई जिम्मेवार बनाउने विभिन्न सर्तसहित सूचना प्रविधिसम्बन्धी नियम २०२१ मा जारी गरेकामा सन् २०२३ मा आएर संशोधनसमेत गरेको छ । प्लेटफर्महरूकै तर्फबाट स्वनियमनका सन्दर्भमा सन् २०१८ देखि प्रयोगमा रहेको मानिने सान्टाक्लारा सिद्धान्तले पनि केही हदसम्म अनुशासन तथा मानकतर्फ संकेत गर्दछन् ।

अन्त्यमा, जस्तोसुकै चमत्कारिक विशेषतासहितको प्रविधि किन नहोस् यसको सदुपयोग भएन भने मानव सभ्यता र समाजले पाउने कम र गुमाउने कुरा बढी हुने जोखिम रहन्छ । सूचना प्रविधिका उपकरण र त्यसमा पनि इन्टरनेटको प्रयोग बढ्दै जाँदा यससँग जोडिएको साइबर जोखिम पनि बढेको छ । सामाजिक सञ्जालले विश्व नै जेलिएको सन्दर्भमा केही राम्रा पक्ष हुँदाहुँदै पनि यसले सिर्जना गर्न सक्ने अफवाह, हिंसा एवं मानवीय अन्तरसम्बन्धमा देखिने गलत परिणाम बढ्न नदिनका लागि सामाजिक सञ्जालका प्रयोगकर्ता, सञ्चालकहरू र राज्यका तर्फबाट पनि उचित मापदण्ड वा स्वनियमनको औजार प्रयोग हुनु आवश्यक छ । यो विषयमा सम्वाद गरी निकास खोज्न ढिलाइ गर्नु हुँदैन । *रासस*

***(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन्)***

# पुनःस्थापनको पर्खाइमै मुक्त हलिया

**कञ्चनपुर–** निर्धारित पुनःस्थापनाको समयावधि लम्बिँदै जाँदा मुक्त हलियाको बसोबासको उचित व्यवस्थापन हुन सकेको छैन । उचित बसोबासको व्यवस्था नहुँदा मुक्त हलिया परिवार नदी तटीय क्षेत्र, सामुदायिक वन नजिक, राजमार्ग छेउमा झुपडी बनाई कष्टकर जीवन बिताउन बाध्य छन् ।

राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका अध्यक्ष ईश्वर सुनारका अनुसार पुनःस्थापनाका साथै शिक्षा, स्वास्थ्य, रोजगारी, दिगो जीविकोपार्जन, सामाजिक सशक्तीकरण र समावेशीकरणसम्बन्धी मुद्दालाई सरकारले विशेष प्राथमिकतामा राखी प्रभावकारीरूपमा कार्यान्वयन गर्न नसक्दा मुक्त भएको १५ वर्ष बितिसक्दा पनि मुक्त हलियाले सम्मानित जीवन व्यतीत गर्न पाएका छैनन् ।

'कयौं मुक्त हलिया परिवार पुनःहलिया बस्न बाध्य छन्,' उनले भने, 'केही हलिया परिवार परम्परागत हलियाबाट आधुनिक सहरीया मजदुरका रूपमा परिणत भएका छन्, यस कार्यले साँझ बिहानको छाक टार्नसमेत मुस्किल भएको छ ।' बालबालिका शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चितसमेत भएका छन् ।

बाध्यकारी श्रमिकका रूपमा कार्य गरिरहेका मुक्त हलियालाई दासत्वबाट मुक्त गरी उनीहरूका आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकार सुनिश्चित गरी राज्यको मूल प्रवाहमा ल्याई सम्मानित जीवन व्यतीत गर्ने वातावरण कायम गरिनुपर्ने उनले बताए ।

हलिया अधिकारकर्मी हरि श्रीपालीका अनुसार हलिया महासंघले संघीय सरकारसँग निरन्तर गरेको वकालत तथा पैरवीका माध्यमबाट मुक्त हलिया, कमैया, कम्लहरी, हरूवाचरुवालगायत अन्य बाध्यकारी श्रमिकका समस्या सम्बोधनका लगि संघीय सरकारले अवस्था अध्ययन गर्न पाँच सदस्यीय वस्तुस्थिति अध्ययन समिति गठन गरेको थियो ।

अध्ययन समितिले पेस गरेको प्रतिवेदनका आधारमा भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मुक्त हलिया, कमैया, कम्लहरी, हरूवाचरुवा पुनःस्थापना कार्यविधि र कार्ययोजना मस्यौदा तयार गरेको छ । उक्त कार्यविधि हालसम्म पारित हुन सकेको छैन । 'कार्यविधि र कार्ययोजना तत्काल पारित गरी कार्यान्वयन गर्न माग गरेका छौं,' श्रीपाइलीले भने, 'कार्यविधि र कार्ययोजना पारित भएर कार्यान्वयनमा ल्याइएपछि मात्रै मुक्त हलिया पुनःस्थापनका कार्यमा टेवा पुग्छ ।'

संस्थाको अगुवाइमा भएको पैरवीले सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहहरूले मुक्त हलिया पुनःस्थापन कार्यविधि पारित गरेको उनले बताए । प्रदेश सरकारले चालु आवको नीति तथा कार्यक्रम र बजेटमा थोरै भए पनि मुक्त हलियालाई सम्बोधन गरेको राष्ट्रिय मुक्त हलिया समाजका जिल्ला अध्यक्ष सिवी लुहारले बताए ।

'विनियोजित बजेटको समयमै कार्य प्रारम्भ गरी कार्यान्वयन गर्न माग गर्दछौं,' उनले भने, 'नेपाल सरकार र मुक्त हलियाबीच भएको पाँचबुँदे, १० बुँदे सिफारिस र पाँच सदस्यीय वस्तुस्थिति अध्ययन समितिको प्रतिवेदन तत्काल कार्यान्वयनको प्रक्रियामा लैजान र मुक्त हलिया समुदायको दीगो तथा न्यायोचित पुनःस्थापनका लागि तीनवटै तहका सरकारसँग जोडदार माग गर्दछौं ।' हालसम्म मुक्त हलिया पुनःस्थापनको अवस्था हेर्दा सुदूरपश्चिम र कर्णाली प्रदेशमा नेपाल सरकारबाट प्रमाणीकरण भएका १६ हजार ९५३ घरधुरीमध्ये १३ हजार ५४६ घरधुरीले पुनःस्थापन प्याकेज पाएका छन् । पुनःस्थापन प्याकेज पाएकामध्ये नौ प्रतिशत घरधुरीले पुनःस्थापनको अन्तिम किस्ताबापतको रकम पाउन सकेका छैनन् । अझै २० प्रतिशत मुक्त हलिया पुनःस्थापनको पखाईमा रहेका छन् । *रासस*


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/१६ गते भक्तपुर जिल्ला, सल्लाघारी, कटुन्जेमा पार्किङ गरिराखेको अवस्थामा Pulsar 220 F कालो, रातो रंगको मोटरसाइकल रातको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : जयराम संजेल
बाइक नं.: बा प्र. ०२-०४३ प २९४९
च्यासिस नं.: MD2A13EX0NCM86673
इन्जिन नं. : DKXCNM40958
ठेगाना: सल्लाघारी, भक्तपुर
सम्पर्क: ९८२१३३१०५३



नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**सर्लाही मलंगवा, मोही फांट**

## ३५ दिने सार्वजनिक सूचना

जिल्ला महोतरी ई गुमा खोल्सी वार्ड नं.९ हाल परिवर्तित जि. सर्लाही गा.वि.स. कालिन्जोर वार्ड नं.२ हाल परिवर्तित ईश्वेरपुर न.पा. वार्ड नं. १२ मा वस्ने सन्त वहादुर पुर्वछाने मगर लाई हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि. सर्लाही गा.वि.स. कालिन्जोर वार्ड नं.२ हाल ईश्वरपुर न.पा. वार्ड नं. १२ मा बस्ने ओम राज न्यौपाने को नाउँमा दर्ता रहेको जि.स.गा.वि.स. खैरमारा खोरा वार्ड नं.९ (क) कि.नं. ४४ क्षेत्रफल ०-१-१५ जग्गाको मोही महलमा जिल्ला महोत्तरी इ. गुमा खोल्सी वार्ड नं.९ हाल परिवर्तित जि. सर्लाही गा.वि.स. कालिन्जोर वार्ड न.२ हाल ईश्वरपुर न.पा. वार्ड नं.१२ मा बस्ने सन्त बहादुर पुर्वछाने मगर को नाम उल्लेख रहेकोमा जग्गा धनीले मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/५/१९ गतेको आदेशानुसार हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराइन्छ । पछि तपाइको उजुर बाजुर लाग्ने छैन ।


# 'शैक्षिक क्षेत्रको विकासमा केन्द्रित छौं'

**भजनी (प्रस)–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले शैक्षिक क्षेत्रको विकासका लागि प्रदेश सरकार गम्भीर रहेको बताएका छन् । कैलालीको टीकापुरस्थिति वीरेन्द्र विद्या मन्दिर क्याम्पसको क्याम्पस सभामा उनले वर्तमान आवश्यकताको आधारमा शिक्षालाई गुणात्मक बनाउनका लागि प्रदेश सरकारले काम गरिरहेको बताएका हुन् ।

'हामी शैक्षिक क्षेत्रको विकासका लागि गम्भीर छौं । प्रदेश सरकारको स्रोतसाधनले सकेको काम गरिरहेकै छौं,' मुख्यमन्त्री शाहले भने, 'विगतको स्थिति हेर्दा शैक्षिक क्षेत्रमा ठूलो सुधार भएको छ तर वर्तमान आवश्यकतालाई हामीले पछ्याउन सकेका छैनौं ।'

उनले माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहलाई र उच्च शिक्षा प्रदेशको मातहतमा रहने संवैधानिक व्यवस्था भए पनि त्यसको कार्यान्वयन हुन नसक्दा पनि शिक्षामा उल्झन कायमै रहेको बताए । एक पालिका एक नमूना विद्यालयको अवधारणा बनाएर त्यसलाई कार्यान्वयन गर्ने तयारीमा प्रदेश सरकार रहेको उनको भनाइ थियो ।

'माध्यमिक तहसम्मको सबै विद्यालयमा डिजिटल लाइब्रेरी र कम्प्युटर ल्याबको व्यवस्थापन गर्ने गरी पहिलो चरणमा सरकारले योजना अगाडि बढाएको छ,' उनले भने, 'त्यो सँगै शैक्षिक गुणस्तर सुधारका लागि प्रदेश सरकारले रणनीतिक योजनाका साथ अगाडि बढ्न खोजेको छ ।'

टीकापुरलाई शैक्षिक नगरीका रूपमा विकास गर्न तत्कालीन टीकापुरका योजनाकार स्व खड्गबहादुर सिंहको योगदानलाई स्मरण गर्नुहुँदै मुख्यमन्त्री शाहले इतिहासलाई जोगाउन सकिएन भने त्यसको पहिचान समाप्त भएर जान सक्ने बताए । 'राष्ट्रलाई सबल, सक्षम र अर्थतन्त्रमा बलियो बनाउनका लागि शिक्षा र पर्यटन क्षेत्रको विकास समयानुकूल हुनुपर्छ, होइन भने स्थितिले नकारात्मक नतिजा पनि दिन सक्छ । जुन अहिले अध्ययनकै लागि विदेशिनेको लर्को छ,' उनले भने ।

# असी विद्यार्थी ज्वरोले बिरामी

**महोत्तरी (प्रस)–** बर्दिबास-६ कृष्णपुरस्थित प्राकृतिक स्रोत व्यवस्थापन कलेजमा स्नातक तहको पाँचौं 'सेमेस्टर'मा अध्ययनरत विद्यार्थीमा ज्वरोको समस्या देखिएको छ । पछिल्ला पाँच/छ दिनयता ८० विद्यार्थी ज्वरोले बिरामी परेका छन् । उनीहरूको शुक्रबारदेखि परीक्षा रहेको बताइएको छ ।

ग्रामीण भेग अवस्थित कलेजमा विद्यार्थी ज्वरोले ग्रस्त भएपछि बर्दिबास अस्पतालको चिकित्सक टोलीले कलेजमै पुगेर स्वास्थ्य परीक्षण गरेको छ । ज्वरो आएकामध्ये तीन जनामा डेंगी संक्रमणको पुष्टि भएको अस्पतालका मेडिकल अफिसर डा. किशोर अधिकारीले जानकारी दिए ।

एक्कासि उच्च ज्वरो आउने र टाउको दुख्ने सबैजसो विद्यार्थीमा समान लक्षण पाइएको छ । यसअघि चौथो सेमेस्टरको परीक्षा चलिरहँदा पनि विद्यार्थीलाई ज्वरोले समस्या बनाएको क्याम्पस प्रमुख हरि भुजेलले जानकारी दिए । बर्खायाममा धमिलिएको दूषित पानी सेवनले ज्वरो फैलिएको अनुमान गरिए तापनि अझै कतिपयमा डेंगी संक्रमण देखिन सक्ने जाँचमा संलग्न चिकित्सकको भनाइ छ ।


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MSEC SECURITY SERVICES
पूर्व स्वीकृति मिति २०८०/०५/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२१ | LT. No. 291429 | चलानी नं. ६०२०६७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1200 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : 77 SUPPLY HUB SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२१ | LT. No.284150 | चलानी नं. ६०१९९६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 6 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : H & L HIGH-TECH SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०५/१९ | LT. No. 292082 | चलानी नं. ६०२०७३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRANS WORLD Manpower CO.(P) Ltd.**
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWA HUMAN RESOURCE COMPANY
पूर्व स्वीकृति मिति २०७९/११/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२१ | LT. No. 282601 | चलानी नं. ६०१९७९९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम इजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMAM SPECIAL SECURITY SERVICE WLL
पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२१ | LT. No. 290006 | चलानी नं. ६०२०५२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Guard | 50 | 5 | 1500 | ५४,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: बाजेको सेकुवा, पोखरा, कास्कीमा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।
संस्थाको मुख्य कार्यालय, काठमाडौंमा मिति: २०८० भदौ ३० गते (16th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Global Recruitment Group Pvt.Ltd.**
(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9801193079, 9801193078
Branch Office Pokhara: 9802854870, Branch Office Chitwan: 9857037097
Email : Doc@grgnepal.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARGAN ALBIDA'A HOTEL AND RESORT
पूर्व स्वीकृति मिति :२०७९/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१७ | LT. No. 265835 | चलानी नं.६०१८१७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 5 | 0 | 125 | ५३,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HK Attendant | 10 | 10 | 100 | ४३,१३० | | | | | | | |
| 3 | Life Guard | 5 | 0 | 125 | ५३,९१५ | | | | | | | |

कम्पनी : AL KOUT BEACH HOTEL KUWAIT
पूर्व स्वीकृति मिति: २०८०/०५/२१ | LT No. 292294 | चलानी नं. ६०२०७३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 2 | 0 | 120 | ५१,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 1 | 0 | 150 | ६४,७८५ | | | | | | | |
| 3 | Room Attendant Cleaner | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 4 | Laundry Attendant | 2 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 5 | Kitchen Steward | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 130 | ५६,१४५ | | | | | | | |
| 7 | Salon Beautician | 0 | 8 | 200 | ८६,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AFIA UNITED GENERAL TRADING
पूर्व स्वीकृति मिति: २०८०/०५/२१ | LT No. 292295 | चलानी नं. ६०२०७३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 4 | 0 | 150 | ६४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 0 | 1 | 110 | ४७,५१० | | | | | | | |

कम्पनी : ASMAA ARTIST BEAUTY SALON COMPANY FOR LADIES
पूर्व स्वीकृति मिति: २०८०/०५/२१ | LT No. 292296 | चलानी नं. ६०२०७३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BYD ELECTRONICS (M) SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०५/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/२१ | LT. No. 270003 | चलानी नं. ६०१८५९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ २९ गते (15th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता: रु.२,००२/- कामदार आफैंले
सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

प्रभाव दैनिक




## सिमरनको 'बरको छेउमा रोएँ' सार्वजनिक

पछिल्लो समयकी भाइरल गायिका सिमरन परियारको स्वर रहेको नयाँ गीत 'बरको छेउमा रोए' सार्वजनिक भएको छ । गीतमा गायनमा सिमरनलाई सिडी विजय अधिकारीले साथ दिएका छन् । नवराज भुमरी आचार्य र सिडी विजय अधिकारीको शब्द तथा गीतकार अधिकारीकै संगीत रहेको गीतमा संगीत संयोजन राजु कार्कीको छ । गीतको भिडियोमा शिमरन परियार, सिडी विजय अधिकारी, सुजनबाबु गुरूङ, रोशन कार्की, जेनिला श्रेष्ठ, दीपेन्द्रराज गिरी, सुरवीर पण्डित, निर्मला भण्डारी, कल्पना श्रेष्ठ लगायतको अभिनय छ । बासु बरालको छायांकन, दिन्सन शाहको सम्पादन रहेको भिडियो उत्तम श्रेष्ठ शिशिरले निर्देशन गरेका हुन् ।



शुक्रबार, २२ भदौ २०८० (Friday, September 8, 2023)

# राष्ट्रपति पौडेलबाट १० कवि पुरस्कृत




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रिय कविता महोत्सव २०८० का उत्कृष्ट दश जना कविहरूलाई बिहीबार पुरस्कार प्रदान गरेका छन्। नेपाल प्रज्ञा प्रतिष्ठानको ६६ औं वार्षिकोत्सवका उपलक्ष्यमा सम्पन्न भएको प्रतिष्ठानद्वारा आयोजित राष्ट्रिय कविता महोत्सव २०८० का उत्कृष्ट कविहरूलाई राष्ट्रपति पौडेलले राष्ट्रपति भवन शीतल निवासमा आयोजित कार्यक्रममा सो पुरस्कार प्रदान गरेका हुन् ।

पुरस्कृत कविहरूमा मेश पुन (छोरी, सिमाना र देश शीर्षकको कविता) काठमाडौं, कृपा करुणा पोखरेल (रक्तिम कथा) सुनसरी, खिमानन्द जोशी (ईजा !मुई गोठ नाइँ झान्या हुँ ) दार्चुला, जीवन आरोही (प्रश्नहरूको विज्ञप्ति) उदयपुर, टङ्कबहादुर झाँक्री मगर ( हुन्के बे ब•) रोल्पा, तीर्थराज विश्वकर्मा (कविले के सम्झियो ?) सुनसरी, नविन अभिलाषी (भेरी : अभिशप्त बगिरहेछ) दाङ, पूर्णानन्द ओझा (सन्निको मान्स) डोटी, प्रकाश दिप्साली राई (नौरानको नाम) सुनसरी र राधिका कल्पित (परिचय पत्र) काठमाडौं छन् ।

सो अवसरमा बोल्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले साहित्यको विकासमा सरकारले सदैव सहयोग गर्ने धारणा राख्दै स्रस्टाहरूले नेपाली समाजको सुक्ष्म अवलोकन, अध्ययन र अनुसन्धान गरेर मौलिक रचना सृजना गर्नुपर्नेमा जोड दिए । हामीले आफ्नो मौलिक रचना विश्व साहित्य माझ प्रस्तुत गर्नुपर्ने उनको सुझाव थियो ।

प्रतिष्ठानका कुलपति भुपाल राईले प्रतिष्ठानका गतिविधि र कविता महोत्सवका विविध पक्षबारे प्रकाश पारेका थिए । उनले प्रतिष्ठानका प्रकाशनहरू सो अवसरमा राष्ट्रपति पौडेललाई प्रदान गरे । सो अवसरमा साहित्य विभाग प्रमुख बाबा बस्नेतले राष्ट्रिय कविता महोत्सव २०८० सम्बन्धी प्रतिवेदन प्रस्तुत गरे भने उपकुलपति विमल निभाले स्वागत मन्तव्य राखे ।

# 'मायावी'मार्फत पलको कमब्याक

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता पल शाह फिल्म 'मायावी'मा अनुबन्धित भएका छन् । प्रेमकथाका फिल्ममा रुचाइने अभिनेता पल निर्देशक दिवाकर भट्टराईले निर्देशन गर्न लागेको फिल्म 'मायावी'मा देखिन लागेका हुन् ।

डेढ वर्षपछि कम ब्याकको तयारी गरिरहेका पलले अन्ततः दिवाकरको फिल्ममार्फत कम ब्याक गर्न लागेका हुन् । निर्देशक दिवाकरले फिल्ममा पललाई प्रमुख अभिनेताका रूपमा भित्र्याइएको बताए । निर्देशक श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर बुधवार 'मायावी'को घोषणा गरेका थिए ।

फिल्ममा भट्टराई स्वयंको कथा रहनेछ । फिल्ममा यसअघि नै अभिनेत्री दीपिका प्रसाईं नायिकाका रूपमा फाइनल भइसकेकी छन् । फिल्म 'ऐश्वर्या' पछि दिवाकर र दीपिकाको यो दोस्रो सहकार्य हो ।

फिल्मका अन्य कलाकार र प्राविधिक समय अनुकूल सार्वजनिक गरिँदै जाने निर्देशक भट्टराईले जानकारी दिए । क्रिएटिभ सिने आर्टसले निर्माण गर्न लागेको फिल्ममा एसडी योगीको संगीत, राम अविरल विष्टको गीत, राजुविक्रम थापाको डिओपी रहनेछ । फिल्म असोज २ गतेबाट फ्लोरमा जानेछ । फिल्मको छायांकन पोखराको रमणीय स्थलमा गरिने निर्देशक भट्टराईले जानकारी दिए । दिवाकरले फिल्म 'मेरो जीवन साथी', 'स्टुपिड मन', 'ड्रिम्स', 'ऐश्वर्य' र 'क्याप्टेन' निर्देशन गरिसकेका छन् ।



# 'द रेड सुटेकस' को फस्ट लुक सार्वजनिक

**भेनिस (एजेन्सी–** भेनिस इन्टरनेसनल फिल्म फेस्टिभलमा शुक्रबार प्रिमियर हुन गइरहेको फिल्म 'द रेड सुटेकस'को फस्ट लुक सार्वजनिक भएको छ । फिल्मले पोस्टरसँगै दुई मिनेट लामो भिडियो क्लिप सार्वजनिक गर्दै फस्ट लुक सार्वजनिक गरेको हो । सार्वजनिक क्लिप्समा देश फर्कने र देश छाड्नेको नियतिलाई सुन्दर फ्रेममा कैद गरिएको छ ।

फिडेल देवकोटाको डेब्यू निर्देशनमा तयार भएको फिल्मले हलिउडको चर्चित पत्रिका भेराइटीमार्फत् फस्ट लुक सार्वजनिक गरेको हो । फिल्मका निर्देशक फिडेल देवकोटा र निर्माता रामकृष्ण पोखरेलको भनाइ उद्धृत गर्दै भेराइटीले फिल्ममा नेपाल र श्रीलंकाबीच




दुर्लभ सहकार्य रहेको शीर्षकमा समाचार लेख्दै फिल्मको क्लिप सार्वजनिक गरेको छ ।

फिडेल देवकोटाकै लेखनसमेत रहेको फिल्मले नेपालको अन्तर्राष्ट्रिय विमानस्थलबाट ट्रकमा सामान लिएर सुदूर गाउँमा जाने चालकको रहस्यमय कथा प्रस्तुत गर्छ । 'द रेड सुटेकस' भेनिसको होराजेन्टे विधामा प्रतिस्पर्धा गरिरहेको छ र शुक्रबार यसको वर्ल्ड प्रिमियर हुँदैछ ।

वर्ल्ड प्रिमियरमा फिल्मका मुख्य कलाकार सौगात मल्ल, विपिन कार्की र सृष्टि श्रेष्ठ सहभागी हुँदैछन् । फिल्मलाई आइसफल प्रडक्सनका लागि रामकृष्ण पोखरेल र शोभा थापाले निर्माण गरेका हुन् । फिल्मको सहनिर्माणमा श्रीलंकाका निर्माता विमुक्ति जयसुन्दरा रहेका छन् ।



# सैनिक महाविद्यालयमा स्कुल टु ओलम्पिक



■ प्रभाव संवाददाता

**भक्तपुर–** सल्लाघारीस्थित सैनिक आवासीय महाविद्यालयले बिहीबार स्कुल टु ओलम्पिक कार्यक्रम आयोजना गरेको छ । नेपाल ओलम्पियन्स संघको समन्वयमा भएको अन्तरक्रियात्मक कार्यक्रम स्कुल टु ओलम्पिकमा ओलम्पियन र अन्य खेलाडीले विधार्थीहरूको बीचमा आफ्नो अनुभव साटेका थिए ।

५० वर्षअघि नेपालका लागि पहिलो अन्तर ाष्ट्रिय पदकका रूपमा एसियन ट्र्याक एन्ड फिल्डमा म्याराथनमा कास्य पदक जितेको जीतबहादुर केसी, नेपाल ओलम्पिक कमिटी (एनओसी) का महासचिव निलेन्द्रराज श्रेष्ठ, ओलम्पियन विष्णुबहादुर सिंह, ओलम्पियन्स संघका अध्यक्ष एवंम् कीर्तिमानी तेक्वान्दो खेलाडी दीपक विष्ट, महासचिव राजेन्द्र भण्डारी, ओलम्पियन सरस्वती चौधरी र १२ औं र १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा फुटबलका स्वर्ण पदक विजेता गोलकिपर विकेश कुथेले विधार्थीहरूलाई आफ्नो खेल जीवनको सुरुवात, सफलता, असफलता, खेलाडीप्रति समाजको दृष्टिकोणका बारेमा चर्चा गरेका थिए । विधार्थीहरूले खेलकुद र अध्ययनलाई कसरी सँगै अघि बढाउन सकिन्छ ? खेलेर जीविकोपार्जन गर्न सक्ने अवस्था छ ? नेपाली अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता हासिल गर्न नसक्नुको कारणका बारेमा जिज्ञासा राखेका थिए ।

ओलम्पियन विष्टले समयको उचित व्यवस्थापन गर्न सके अध्ययन खेललाई संगै लैजान सकिने बताएका थिए । गोलकिपर विकेशले फुटबलमा खेलेर पनि बाच्ने अवस्था रहेको बताए । एनओसी महासचिव श्रेष्ठले अन्तर्राष्ट्रिय सफलताका लागि खेलाडीले चाहेर मात्र नहुने सरकारले प्रशिक्षण र वातावरण पनि निर्माण गर्नुपर्नेमा जोड दिए ।

जीवनमा एउटा असफलताबाट हार नखाइ दृढ भएर आफ्नो लक्ष्यमा लाग्ने हो भने सफलता मिल्ने धावक राजेन्द्र भण्डारीले बताए । सिओल ओलम्पिकमा बक्सिङमा पाराग्वेका खेलाडीलाई जितेपछि आफ्नो डोपिङ टेष्ट गरेको अनुभव ओलम्पियन सिंहले साटेका थिए । ओलम्पियन केसी र चौधरीले पनि आफ्नो खेल जीवनका बारेमा विधार्थीहरूलाई सुनाएका थिए ।

